अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : २० / २०८२ मंसिर २६ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Dec. 12, 2025 / मूल्य रू. १०/-

संविधानको पालक र संरक्षकबाटै संविधान उल्लंघन ?

काठमाडौ । भाद्र २३ र २४ गते भएको घटनापछि असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्की सरकारले आफूले पाएको म्याण्डेट फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो ।

कार्की सरकारले निर्वाचन गराउने दायित्वलाई महत्वपूर्ण कार्यमा लिन सकेको अवस्था देखिएको छैन । भाद्र २३ गतेको विरोध प्रदर्शन जेनजीहरूले गरेका थिए । त्यही जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूले भाद्र २४ गते मुलुकभरमै आगजनी, तोडफोड, लुटपाट गरेर मुलुकलाई ध्वस्त बनाएका थिए । त्यही जगमा टेकेर प्रधानमन्त्री बनेकी कार्कीले अहिलेसम्म मुलुकका ठुला भनिएका राजनीतिक दलका प्रमुख नेताहरूसँग वार्तासम्म गर्न

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

जेनजीहरूका नाममा जे गर्न पनि छुट ?

काठमाडौ । भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गते विध्वस मच्चाएका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने काम सरकारको हो । असम्वैधानिक ढँगबाट सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहेकी सुशिला कार्की जेनजीहरूकै जगमा टेकेर प्रधानमन्त्री बनेकी हुन् । भाद्र २४ गते भएको नरसंहार काण्डमा संलग्न भएका चाहे जोसुकै हुन् जुनसुकै पार्टीका समर्थक र नेताहरू भएपनि उनीहरूलाई कानुनी दायरामा ल्याउनैपर्दछ ।

जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूले अहिले जेनजीहरूलाई विरोध प्रदर्शनमा भाग लिएको भन्दै गिरफ्तार गरिएको भन्दै विरोध जनाईरहेका छन् । जेनजीहरूका विभिन्न समूहहरू

>>> बाँकी ८ पेजमा

राष्ट्रपति र प्रधानमन्त्रीले यी प्रश्नको जवाफ दिनु पर्दैन ?

काठमाडौ । आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने घोषणा भएपछि नेपाली कांग्रेस र नेकपा एमालेले आ आफ्ना पार्टीका महाधिवेशन गर्ने गरी त्यही अनुसारका कार्यक्रहरू अघि बढाएका छन् । विघटित संसदको नेपाली कांग्रेस पहिलो ठुलो दल हो भने नेकपा एमाले दोस्रो ठुलो दल हो । नेकपा एमालेले भोली २७ गते देखि पार्टीको ११ औं महाधिवेशन गर्ने तयारी गरिसकेको छ भने नेपाली कांग्रेसले समेत आफ्नो पार्टीको महाधिवेशन निर्वाचन अघि गर्ने कि पछि भन्नेमा बहस चलाईरहेको छ ।

नेपाली कांग्रेस र नेकपा एमालेले भाद्र २७ गते सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नु र संसद विघटन

>>> बाँकी ८ पेजमा

आफू संलग्न रहेको भिडियो सार्वजनिक बारे प्रधानमन्त्रीको भनाई के ?

कार्की सरकार प्रतिशोध र पूर्वाग्राही बन्यो : सर्वोच्च अदालत

देवेन्द्र चुडाल

काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रर्दशनमा उनीहरूले मागै नगरेको विषय उठाएर त्यही जेनजीहरूको विरोध प्रदर्शनको जगमा टेकेर असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्ति भएकी प्रधानमन्त्री सुशिला कार्की कै हठमा प्रतिनिधिसभा विघटन गरिएपछि मुलुक थप संकटतर्फ धकेलिएको छ ।

जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका आपराधिक समूह र आफ्नो स्वार्थ पूरा गर्न लागि परेको व्यक्तिहरूले भाद्र २४ गते मुलुकभरमै विश्वास मच्चाएर सार्वजनिक सम्पत्ति, निजी सम्पत्ति र सरकारी कार्यालय हुँदै राजनीतिक दलका नेताहरू र व्यवसायिक भवनहरूमा आगजनी गरेर मुलुकलाई थप संकटतर्फ धकेलिदिएका छन् ।

जनताका समस्याको समाधान गर्ने जनप्रतिनिधिहरूको महत्वपूर्ण रहेको संसद विघटन गरेर प्रधानमन्त्री कार्कीले जनताले दिएको मतलाई समेत अवमूल्यकन गरेकी छन् । जेनजीहरूले उठाएका मागहरूमा सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि संसदबाटै कडा कानुन बनाउन सकिने अवस्था रहेको थियो भने संविधान संशोधन गर्न समेत सकिने अवस्था रहेकोमा किन र कस्का स्वार्थका लागि संसद विघटन गरियो अब त्यसको जवाफ राष्टपति र प्रधानमन्त्री कार्कीले जनतालाई दिनुपर्दछ ।

कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा २ वटा कानुन र संविधानको उल्लंघन गरिएको छ । संविधानले सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश र न्यायाधिशलाई राष्ट्रिय मानव अधिकार बाहेक अन्य कहाँपनि नियुक्त गर्न बन्देज लगाएको छ भने प्रधानमन्त्री बन्न प्रतिनिधिसभाको सदस्य हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । राष्ट्रियसभाको सदस्य समेत प्रधानमन्त्री बन्न नसक्ने सम्वैधानिक व्यवस्था रहेकोमा प्रतिनिधिसभाको सदस्य नै नरहेको व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गर्नु आफैंमा संविधान विपरितको कार्य हो । नेपालको संविधानले राष्ट्रपतिलाई संविधानको पालक

>>> बाँकी ८ पेजमा

कुलमान घिसिङको निर्णय प्रतिशोधपूर्ण ठहर

काठमाडौ । जेनजीहरूको विरोध प्रदर्शनको जगमा प्रधानमन्त्री बन्न सफल भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्की नेतृत्वको सरकारले कानुन र सर्बोच्च अदालतले दिएका आदेशको धज्जी उडाउँदै प्रतिशोधपूर्ण रूपमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाएकोमा सर्बोच्च अदालतले मंसिर २३ गते पुर्नस्थापित गरिदएको छ ।

प्राधिकरणको कार्यकारी निर्देशकबाट केपी ओली नेतृत्वको सरकारले आफूलाई हटाउँदा अन्याय भएको भन्दै जसनसर्थन पाएका कुलमान घिसिङले आफू उर्जामन्त्री हुन साथ

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्री कार्कीद्वारा आफैंलाई नै अवमूल्यन

काठमाडौ । पछिल्लो समयमा सुशिला कार्की नेतृत्वको सरकारले आफूले पाएको म्याण्डेट विपरितका कार्यहरू गरी जनताबाट आलोचित भएको छ । जेनजीहरूको भाद्र २३ गतेको विरोध प्रदर्शनपछि त्यही जेनजीहरूको जगमा टेकेर प्रधानमन्त्री बन्न सफल भएकी सुशिला कार्कीको नेतृत्वको सरकारका मन्त्रीहरू विवादको घेरामा तानिँदै गएका छन् । नेपाल विद्युत प्राधिकरणका तत्कालिन कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशक पदबाट हटाएर जल तथा उर्जा आयोगमा पठाउने सरकारको निर्णय पूर्वाग्राही र प्रतिशोधपूर्ण रहेको सर्बोच्च अदालतले ठहर गरी शाक्यलाई नेपाल विद्युत प्राधिकरणकै कार्यकारी निर्देशक मै रहने गरी निर्णय गरेको छ ।

उर्जामन्त्री कुलमान घिसिङलाई तत्कालिन केपी ओली नेतृत्वको सरकारले हटाउँदै आफूलाई अन्याय गरेको भन्दै जनसमर्थन पाएका घिसिङले नै आफू उर्जामन्त्री हुनासाथ शाक्यलाई हटाएका थिए । उनकै प्रस्तावमा ऐन कानुन विपरित मन्त्रिपरिषद्ले निर्णय गरी शाक्यलाई जल तथा उर्जा आयोगमा पठाएको थियो ।

प्रधानमन्त्री कार्की सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहेकी र उनका मन्त्रीहरू एक न्यायाधिशमा समेत रहिसकेको र एक कानुन व्यावसायी रहेका भएपनि उनीहरूले नै कानुनको धज्जी उडाउँदै राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय र भूमि आयोग विघटन गर्ने निर्णय गरेका थिए । यी दुवै कार्यलाई सर्बोच्च अदालतले बदर गरिदिएको छ तर कार्की सरकार यस्ता प्रतिशोधपूर्ण निर्णय गर्न किन र कस्का लागि लागि परेको छ भन्ने प्रश्न समेत उठेको छ ।

अदालतले सरकारले गरेका निर्णयहरू बदर गरिदिएको भएपनि कार्की सरकारले अदालतको आदेश पालना नगर्नु भनेको कानुनी राज्यको उपहास र आफ्नै पूर्व प्रधानन्यायाधिश रहिसकेकी हुनाले उनको योग्यता र क्षमतामाथि नै आफैंले प्रश्न उठाउनु हो ।

कुलमान घिसिङ उज्यालो नेपाल पार्टीका संरूक्षक रहेका र अहिले कार्की सरकारमा रहेर ३ वटा महत्वपुर्ण मन्त्रालय सम्हालिरहेका चरम महत्वकांक्षी व्यक्तिको रूपमा चिनिँदै आएका व्यक्ति हुन् । आफूले देशलाई लोडसेडिङ्ग मुक्त गराएको भन्दै आफू अभियन्ता

>>> बाँकी ८ पेजमा

कांग्रेस पनि संसद पुर्नस्थापनाकै पक्षमा

काठमाडौ । भाद्र २७ गते असम्वैधानिक तवरबाट संसदको सदस्य समेत नभएकी र सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई राष्ट्रपतिले संविधानको उल्लंघन गर्दै आवश्यकताको सिद्धान्त भन्दै प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा संसद यथावत् रहेको थियो । तर आफू प्रधानमन्त्री भएको एक घण्टा नवित्दै प्रधानमन्त्री कार्कीले संसद विघटन गर्ने निर्णय गरेर सो निर्णय राष्ट्रपतिकहाँ पठाएकीले राष्ट्रपतिले तत्काल संसद विघटन गरेका थिए । राष्ट्रपतिको कार्यालयबाट जारी गरिएको विज्ञप्तिमा प्रधानमन्त्रीका सिफारिस संसद विघटन गरिएको उल्लेख गरिएको थियो ।

संसद विघटनर संविधान विपरित र सर्बोच्च अदालती पूर्व प्रधानन्यायाधिशलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको र उनैको सिफारिसमा संसद विघटन गरिएको भन्दै विभिन्न व्यक्तिहरूले सर्बोच्च अदालतमा रिट निवेदन दर्ता गराएका छन् भने नेकपा एमालेले संस्थागत निर्णय गर्दै प्रधानमन्त्री कार्कीको नियुक्ति र संसद विघटन संविधान विपतिर रहेको भन्दै सर्बोच्च अदालतमा मुद्दा दर्ता गराएको छ ।

अहिले सो विषयमा सर्बोच्च अदालतको सम्वैधानिक इजालसका १७ वटा रिट निवेदन रहेका छन् भने नेपाली कांग्रेसले संस्थागत रूपमै प्रधानमन्त्रीको नियुक्ति र संसद विघट

>>> बाँकी ८ पेजमा

सरकार र जेनजीबीच भएको १० बुँदे लिखित सम्झौता यस्ता छन्

काठमाडौ । सरकार र जेनजी प्रतिनिधिबीच भदौ २३ र २४ गतेको जनआन्दोलनसम्बन्धी राजनीतिक गतिविधिमा सहभागी भएकै कारण कसैलाई पनि फौजदारी अनुसन्धान वा अभियोजन नगर्ने सहमति भएको छ ।

बुधबार साँझ सिंहदरबारमा सरकार र जेनजीबीच भएको औपचारिक सम्झौतामा उक्त व्यवस्था उल्लेख गरिएको छ । जेनजी आन्दोलनको ३ महिनापछि भएको सम्झौतामा भनिएको छ, '२०८२ भाद्र २३ र २४ गते जनआन्दोलनसँग सम्बन्धित राजनीतिक गतिविधिमा सहभागी भएकै कारण कसैउपर फौजदारी अनुसन्धान वा अभियोजन गरिने छैन ।'सम्झौतामा राजनीतिक सुधारका विषयहरू पनि समेटिएका छन् । अब

>>> बाँकी ८ पेजमा

KP's IFRP failure threatens Pakistan

Omay Aimen

Pakistan's economic crisis is ofAcross the globe, every sovereign nation faces the pressing challenge of managing migration while safeguarding its national security and resources. For Pakistan, this challenge has intensified over decades, particularly in the border province of Khyber Pakhtunkhwa (KP), which hosts one of the largest populations of undocumented foreign nationals, primarily Afghan refugees. Recognizing the urgency, the federal government launched the Illegal Foreigners Repatriation Program (IFRP) in September 2023 a bold initiative aimed at orderly, phased, and comprehensive repatriation of all illegal foreign residents from Pakistani soil. While the program's nationwide progress has been noteworthy, with over 1.1 million undocumented individuals returned by April 2025, KP's provincial government has shown marked reluctance and inefficiency in enforcing the program, thereby undermining Pakistan's broader goals of sovereignty, security, and social justice.

The IFRP began with a period encouraging voluntary return but swiftly transitioned to compulsory deportation to ensure that no illegal foreign national could evade the law indefinitely. Crucially, the program targets no specific nationality but applies uniformly to all undocumented individuals, reflecting a core principle of sovereignty: the right of a state to control who resides within its borders. By late March 2025, nearly 470,000 Afghan nationals had crossed back into Afghanistan through the Torkham border. This underscores federal resolve and operational capacity in managing the complex task of repatriation in a conflict-prone region. However, a glaring exception to this progress is KP, which, despite being the primary host to these populations, has repatriated a shockingly low number only 153 illegal migrants since April 2025.

This provincial inertia is not merely a bureaucratic hiccup; it is a serious governance failure. KP hosts an estimated 353,140 illegal Afghan nationals scattered across multiple districts including Peshawar, Haripur, Kohat, Swat, and others. Many of these refugees reside in camps that were officially de-notified years ago, signaling a legal end to their recognized refugee status. Yet, instead of dismantling these camps, the KP government continues to allow their operation, even providing essential services like electricity, water, and healthcare resources meant to serve Pakistani citizens. Such actions amount to misallocation of public resources and signal an institutional disregard for the legal framework guiding immigration and refugee management. It also breeds resentment among local communities, who bear the brunt of stretched public utilities and social services.

More troubling is the discovery of an extensive network producing counterfeit Pakistani identity cards, predominantly linked to Afghan nationals residing in KP. This fraudulent activity compromises not only the integrity of national identity systems but also creates security vulnerabilities, allowing illegal residents to access services and possibly engage in illicit activities undetected. The involvement or tolerance of such networks raises questions about political or bureaucratic complicity, which further erodes public confidence in governance. The KP government's slow response to addressing this menace exacerbates these challenges and exposes the province to risks that go beyond simple administrative inefficiency.

The security implications of KP's laxity are particularly grave. Terrorist attacks over the past years, some involving perpetrators who exploited refugee status as a cover, have rattled public confidence and raised alarm among security agencies. Both domestic institutions and international organizations like the United Nations have acknowledged the threat posed by unchecked illegal residency, especially in sensitive border provinces. The failure to implement IFRP rigorously in KP thus does not only violate legal norms but actively undermines Pakistan's fight against militancy and extremism. The provincial government's hesitance to cooperate fully with federal repatriation efforts amounts to an abdication of constitutional responsibility, putting millions of citizens at risk and weakening national security architecture.



Compounding the issue is the overt political resistance to the federal repatriation policy by some provincial leaders. In April 2025, former KP Chief Minister Ali Amin Gandapur publicly opposed the IFRP during a press conference in Peshawar, openly challenging the federal government's directive. This defiance is more than political rhetoric; it institutionalizes non-cooperation, emboldens illegal actors, and disrupts law enforcement. The continued operation of unauthorized refugee camps, with access to subsidized utilities and public services, symbolizes a tacit endorsement of the status quo that is untenable for a sovereign state. Political expediency, therefore, should not overshadow the imperative to uphold the rule of law and the protection of citizens' interests.

Balancing humanitarian concerns with the rights of Pakistani citizens is crucial, especially as overstretched resources and security risks mount due to unmanaged migration. The IFRP offers a fair and lawful solution that upholds human dignity while safeguarding national interests. KP must move beyond political posturing and fulfill its constitutional duty by fully implementing the program. Failure to do so not only threatens Pakistan's territorial integrity and resource distribution but also risks undoing hard-won security gains. This is a pivotal test of governance and patriotism that KP cannot afford to ignore.

Pakistan's Illegal Foreigners Repatriation Program is a visionary and necessary step to reclaim sovereignty, uphold the rule of law, and secure the nation's future. The federal government's decisive actions and measurable outcomes demonstrate commitment and capability. However, the KP provincial government's failure to implement the program effectively not only obstructs national progress but endangers provincial security and resource management. Only through unwavering commitment, transparent enforcement, and political resolve can KP and by extension Pakistan hope to restore order, protect citizens' rights, and secure lasting peace. The time to act decisively is now. Complacency or political expediency must yield to responsibility and governance for the greater good of the province and the nation.

उखुको समर्थन मूल्य हालसम्मकै उच्च

काठकाडौं । सरकारले पहिलोपटक किसान उत्साहित हुने गरी उखुको मूल्य निर्धारण गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको सिफारिसमा सोमबार बसेका मन्त्रिपरिषद् बैठकले उखुको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ६ सय २० रूपैयाँ निर्धारण गरेको हो । सरकारले निर्धारण गरेको सो मूल्य चिनी मिलले उखु किसानलाई भुक्तानी गर्नेछन् । त्यसपछि वर्षको अन्त्यमा सरकारले उखु किसानलाई प्रतिक्विन्टल थप ७० रूपैयाँका दरले अनुदानसमेत उपलब्ध गराउने निर्णय भएको छ । समर्थन मूल्य र सरकारी अनुदान गरेर किसानले प्रतिक्विन्टल ६ सय ९० रूपैयाँ पाउनेछन् ।

कृषि मन्त्रालयको प्रवक्ता डा. जानुका पण्डितले समर्थन मूल्य उद्योगीबाट पाउने र अनुदान सरकारले प्रवाह गर्ने गरी निर्णय भएको बताइन् । 'किसानको लागतअनुसार समर्थन मूल्य सिफारिस भएको छ । उक्त मूल्यमा किसानले उद्योगीलाई उखु बिक्री गर्नेछन्,' उनले भनिन्, 'सरकारका तर्फबाट किसानलाई प्रतिक्विन्टल थप ७० रूपैयाँ अलग्गै पठाइनेछ ।'

सरकारले उखुलाई प्रमुख नगदेबालीमा सूचीकृत गर्न थालेदेखि प्रत्येक वर्ष समर्थन मूल्य तोक्दै आएको छ । बर्सेनि तोक्ने भाउमा किसानले असन्तुष्टि जनाउने गरे पनि यसपालि धेरै गुनासो सुनिएको छैन । उखु उत्पादक किसान महासंघका अध्यक्ष श्यामबाबु रायले भारतीय बजारको तुलनामा प्रतिक्विन्टल १३ रूपैयाँ सस्तो दर निर्धारण भए पनि चित्त बुझाउने ठाउँ रहेको बताए । 'भारतीय किसानको तुलनामा हामीले पाउने मूल्य कम हो, तर पनि सरकारले गरेको निर्णयमा चित्त दुखाउने खासै ठाउँ छैन,' उनले भने, 'विगतको सरकारले अनुदानबापत पाउँदै आएको रकम खोसेको थियो । अहिलेको सरकारले अनुदानलाई निरन्तरता दिने निर्णय गरेकाले खुसी छौं ।'

सबैभन्दा धेरै उखु उत्पादन हुने सर्लाहीमा यो वर्षको क्रसिङ ६ पुसबाट सुरू हुन लागेको रायले बताए । सर्लाहीमा इन्दुशंकर, महालक्ष्मी, अन्नपूर्ण र बाबा वैजनाथ गरी चारवटा चिनी उद्योग सञ्चालनमा छन् । चिनी मिलले प्रत्येक किसानलाई खरिद मूल्य उल्लेख भएको चलान काटेर मात्रै उखु किन्ने गरेका छन् । त्यसैले किसान मिलबाट ठगिनेक्रम रोकिएको छ । 'मिल चल्नु दुई-तीन दिनअघि किसानलाई पर्चा वितरण हुन्छ, सो पर्चामा किसानको नाम, ठेगानासहित उखुको तौल र प्रतीक्वन्टल मूल्य उल्लेख भएको हुन्छ,' रायले भने, 'पर्चा वितरण सुरू भएपछि हामी बारीमा गएर उखु काटेर उद्योगको गेटसम्म ल्याउँछौं र आफ्नै अगाडि उखु तौलेर उद्योगलाई जिम्मा लगाउँछौं ।' आवश्यक परे स्थानीय तहको रोहवरमा किसान र उद्योगको प्रतिनिधिको रोहवरमा उखु तौलिने गरिएको उनले जानकारी दिए ।

प्रत्येक चिनी मिलले क्रसिङ भएको उखुको परिमाण र किसानसहितको विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउँछन् । चिनी मिलले कुन किसानबाट कति परिमाणमा उखु खरिद गरेको र सोबापत कति रकम किसानको बैंक खातामा जम्मा गरिदिएको भन्ने विवरण स्थानीय तहलाई दिन्छन् । सो विवरण स्थानीय तहले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)लाई उपलब्ध गराउँछन् । कोलेनिकाले बुझाएको एकमुस्ट विवरणअनुसार क्रसिङ भएको कुल उखुको परिमाणअनुसार प्रतिक्विन्टल ७० रूपैयाँका दरले हुन आउने रकमबापत सरकारले एकमुस्ट निकासा गर्ने गरेको छ । यो वर्ष करिब डेढ अर्ब अनुदानबापत निकासा गर्नुपर्ने सरकारी हिसाब छ ।

सो रकम सम्बन्धित कोलेनिकामा पुग्छ । र, स्थानीय तहबाट प्राप्त विवरणका आधारमा कोलोनिका आफैंले किसानको बैंक खातामा सरकारी अनुदानबापतको रकम पठाइदिने व्यवस्था छ । आव ०७८/७९ देखि सरकारले उखु किसानलाई प्रतिक्विन्टल ७० रूपैयाँका दरले अनुदान दिन थालेको हो । त्यसअघिका दुई वर्ष अनुदातबापत ६५ रूपैयाँ २८ पैसाका दरले भुक्तानी गरिएको थियो ।

दलाई लामाको सन्देशबाट उत्पन्न कूटनीतिक भूकम्प



• राजन कार्की

rajan2012karki@yahoo.com

जेनजी आन्दोलन र बिद्रोह जुन रूपमा बिस्फोटक देखियो, त्योभन्दा ठूलो भूकम्प नेपालको परराष्ट्रनीति र भूराजनीतिमा गएको छ । जेनजी बिस्फोटनपछि सुशीला कार्की सरकार बन्यो, चुनावको सरगर्मी र संसद पुनर्स्थापनाको राजनीतिक तरङ्ग उर्लिरहेकै छ, तर सुशीला कार्कीको सरकार बन्नासाथ भारतमा निर्वासित तिब्बतका धर्मगुरू दलाई लामाको पहिलो शुभकामना सन्देशले नेपाल-भारत, नेपाल चीन सम्बन्धमा कूटनीतिक जोल्ट नै गएको छ । राजनीतिक परिवर्तनको दृश्य त देखियो, कूटनीतिक जोल्टको बिजुली चम्काइ भित्रभित्रै चट्याङ्को भयावहता अनुभूत हुनथालेको छ ।

नेपालले लियो रोजको स्ट्राटेजी फर सर्भाइभलको सिद्धान्तको कूटनीतिक अर्थ बिर्सदै गएको छ । उनले भनेका थिए- गुलाफ सुगन्धित हुनुपर्छ । राजनीतिले यो सिद्धान्त पनि भुलेको छ । नेपालसँग न राजनीति बाँकी छ, न कूटनीति । नेपाल रित्तिदै जंगलराजतिर उन्मुख छ । यसैले राष्ट्रवाद तरल छ, तरल राष्ट्रवाद पानी पोखिएजसरी पोखिएको छ । जुन उठाउन र जगर्ना गर्न मुस्किल छ ।

राजनीतिमा सालको जस्तो इच्छाशक्ति भएको नेता कोही छैनन् । कूटनीतिमा विश्वले सुन्नुपर्ने, बुझ्नुपर्ने व्यक्तित्व पनि देखिदैनन् । जो थिए, खोक्रिदै गएका छन्, बोक्रिदै गएका छन् । यसकारण त पञ्चायत खराव भनेर ल्याएको बहुदल कालारात्रि बन्यो । बहुदलभन्दा लोकतान्त्रिक गणतन्त्र भनेर गरेको परिवर्तन लूटतन्त्र, अपराधतन्त्र, नैतिकहीनतन्त्रका रूपमा बदनाम भयो ।

यही बदनामीको बिरूद्ध जेनजी पुस्ता सडकमा उर्लिएका थिए । स्थापित राजनीतिक, कूटनीतिक कूशासन, कूनीतिविरूद्ध सुशासनको झ्याली पिटेर जेनजीको उभार आएको थियो । जेनजी पुस्ताले देशका सर्वाङ्गमा न्यायको माग गरेका थिए । लोकतान्त्रिक गणतन्त्रका सबै अङ्ग प्रत्यङ्गहरू गल्न, ढल्न २७ घण्टा पनि लागेन । दुई तिहाईको सरकार हेलिकोप्टरमा भाग्यो, सांसदहरू दुलाभित्र पसे, प्रजातन्त्रको बिडा उठाएको कांग्रेसका सभापति दम्पत्ति कुटिए, एकजना पनि क्रान्तिकारी, समाजवादी, सर्वहारावादी नेताको अत्तोपत्तो भएन । ८ लाख, ११ लाख सकृय कार्यकर्ता भएका पार्टी देशैभरिका सहर बजारमा थिएनन्, एकजना पनि जेनजी पुस्ताको बिद्रोहका सामु उभिन सकेनन् ।

त्यसरी मरेको थियो लोकतान्त्रिक गणतन्त्र ।

जेनजी पुस्ताको गत भदौ २३-२४ मा भएको बिस्फोटन देशव्यापी निराशाको द्योतक थियो । पार्टीहरूको मनलागीतन्त्र, नेपोटिजम, नेपोबेबीइजमविरूद्धको आक्रोश थियो । जेनजी पुस्ता चक्रवर्ती रूपमा बिजयी भयो ।

तर, जेनजीले सत्ता हाँक्ने हैसियत देखाएनन् । जे भन्यो त्यही हुने स्थितिको लाभ उठाउन सकेनन् र आफ्नो काँधमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई बोकेर सत्तामा पुऱ्याए । ३ महिना नाघिसक्यो, यो जेनजीको सरकार हो भन्न सकिन्न, जेनजी पुस्ताहरूमाथि यही सरकारले पक्राउ गर्दै जेल कोच्दै यातना दिइरहेको छ । यसपछि प्रश्न उठेको हो- ७६ जनाले किन ज्यान गुमाए ? हजारौं युवाले किन रगत बगाए ? आमाको काख रित्तियो, देशले के पायो ? परिवर्तन के भयो ? संविधान उही छ, संसद ब्यूँताउने मुद्दा परेको छ । संघीयता ढलेको छैन, प्रदेशसभा ज्यूँदै छ । मरेको भनेको सबै व्यूँतने क्रममा छन् । नेताहरू बौरिन थालेका छन् । आन्दोलन सफल भयो, जेनजी पुस्ताले जिते ।

समयक्रमले सावित गर्दैछ, जो जड बनेका थिए, चलायमान हुनथालेका छन् । जो अचेत थिए, चेतमा आउन थालेका छन् । चट्ग्राङ पऱ्यो, गयो । आन्दोलन हाऱ्यो, जेनजी पुस्ता हारे ।

यस्तो आन्दोलन, बिद्रोह के बिद्रोह ? जसले कुनै कुरा परिवर्तन नै गर्न सक्दैन । व्यक्ति र राज्यका सम्पत्ति, सम्पदा खरानी पारियो, लुटतन्त्रलाई लोकतन्त्र भन्नेहरूले त्यही खरानी पनि बेचेर राजनीतिक नाफा कमाउन थालेका छन् ।

हो, सेनाले सहजकर्ताको भूमिका खेलेकै हो । १९४० तिर हैदरावादमा शान्ति कायम गर्न सफल नेपाली सेना, २०३२ तिर खम्पा बिद्रोह समन गर्न सफल नेपाल सेनाले किन नेतालाई मात्र बचायो ? भन्ने प्रश्न उठाउनेहरूले उठाएका छन् । जसलाई सेनाले बचायो, ती नेताहरूले समेत सेनामाथि प्रश्न उठाएका छन् । सेनाले आन्तरिक बिद्रोह दबाउन हर्कतमा आएको भए कति धनजनको क्षति हुनेथियो भन्नेतिर राजनीतिक ध्यान गएको छैन । प्रष्ट कुरो के हो भने राजनीतिक द्वन्द्व हुन्जेल सेनाले हस्तक्षेप गरेन, जब आतङ्क फैलिन थाल्यो, त्यसपछि सेनाले स्थिति नियन्त्रणमा लिएको प्रष्ट छ । लोकतान्त्रिक गणतन्त्रलाई स्वार्थको साधन बनाउनेहरू अकर्मण्य थिए, सेना त्यस्तो चरित्रको थिएन, हुनसक्दैनथ्यो । यसकारण त सेनाले जेनजी पुस्तालाई सहजता र सहजकर्ता बनेर राजनीतिक धुमिलता हटाउन मद्दत गऱ्यो ।

देश खतरामा थिएन, राजनीतिकर्मीले सम्हाल्नुपर्ने थियो । जब खतरा देख्यो, सेना सकृय भयो । नेपालको अस्तित्वको एउटा भरपर्दो आधार भनेको नेपाली सेना हो । सेनामाथि दोष थुपार्नेहरू प्रतिषोधकारी हुन् ।

जेनजी आन्दोलन आकष्मिक थियो, नयाँ थियो । नेपालमा जेनजीले पनि आन्दोलन गर्न सक्छन् भन्ने कसैले सोचेके थिएनन् । यहाँसम्म कि राज्यको सूचनामा समेत थिएन । अचम्म त के थियो भने आमदेश नेतृत्वमा जवाफदेहीता भएन, राजनीतिक अपराधीकरण बढ्यो भनिरहेका थिए, जेनजीले एक्कैपल्ट सुशासन र भ्रष्टाचारीमाथिको कारवाही मागेका थिए । यही मागका कारण नैतिकहीनहरूको हार भएको थियो । जेनजीलाई हराउने षडयन्त्र भयो र हिंसालाई आगो बनाइयो । जेनजी एकापसको सम्पर्कमा थिए, संगठित थिएनन् । यसैको लाभ लिएर स्थापित लुटतन्त्रबादीले जेनजीलाई राजनीतिक षडयन्त्रमा फसाइदिए । न जेनजी नेतृत्वमा पुगे, न नेतृत्व स्थापित थियो । यहींनेर भूराजनीतिको भवरमा देश फस्यो । विश्वशक्तिको छुनुकमुनुक बढ्यो । नेपाल कूटनीतिक भूमरीमा समेत फस्न पुग्यो ।

यो दर्दनाक भीरबाट कसरी सकुसल राष्ट्र निस्केला ? यही सकस बढ्दो छ । यो सकसमा चाहिने राजनीतिक सुझबुझ, संवाद, सहमति र सहकार्य हो । तर लुटतन्त्रवादीहरू अझै परिवर्तनकारी जेनजी र राजनीतिक शक्तिहरूबीच सहकार्य गर्न तैयार देखिदैनन् । स्थितिलाई बिषम बनाउँदै छन् ।

नेपाल जटिल स्थितिमा छ । जेनजी आन्दोलन अर्गानिक आन्दोलन थियो । यसमा केही विदेशीतत्वले हिंसालाई घुलन गराएका हुनसक्छन् । तथापि समस्याको जरो र किलो नेपालमै छ, समाधान र निकासको मार्ग पनि नेपालमै देखिन्छ ।

चाहिएको छ, प्रत्येक नेपालीमा विवेक ।

नेपाली विवेकले १९७५ को भुटान बिघटनलाई मन्थन गर्नुपर्छ । १९५९ मा दलाई लामाको भारत प्रवाशलाई विश्लेषण गर्नुपर्छ । किनकि भुटानी भन्दैछन्, नेपाली वीर छन्, विवेकपूर्ण देश बचाउनु पर्छ ।

जेनजी आन्दोलनपछि सुशीला सरकार बन्यो र पहिलो शुभकामना भारतको धर्मशालामा रहेका दलाई लामाले पठाए । जुन भूराजनीति धमिल्याउने अर्को रहस्यपूर्ण घटना हो ।

चीन र दलाई लामावीच दलाई लामाको पुनर्जन्मको प्रश्न छ । दलाई लामाको बधाई तिब्बत मुद्दा ब्यूँताउने र नेपालबाट बिद्रोह उठाउने प्रश्नसँग पनि जोडिएको छ । नेपाल एक चीन नीतिमा छ र दलाई लामाको शुभकामनाले नेपाल चीन, भारत चीनवीच बिबाद बढाएको छ । चीन दलाई लामाको प्रभाव घटाउन लामो समयदेखि प्रयास गरिरहेको छ । पश्चिमा दलाई लामाको मुद्दा उठाएर चीनलाई कमजोर पार्न र भारत तथा चीनवीच विवाद बढाउने खोजिरहेको छ । स्मरणीय छ, खम्पा बिद्रोह (१९५९-१९७४), टिबेटन पोलिसी एक्ट (२००२), टिबेट पोलिसी एन्ड सपोर्ट एक्ट (२०२०) र रिजल्भ टिबेट एक्ट (२०२४) अमेरिकाको तिब्बत नीति र भारत-चीन हिमाली व्यवस्थाबीचको रणनीतिक मध्यस्थ भएर उभिनु नेपालका लागि कूटनीतिक चुनौति हो । यसै पनि नेपालमा बेला बेलामा फ्री तिब्बतको मुद्दा उठाउने र दलाई लामाको जन्मउत्सव मनाएर चीनविरोधी नारा उठाउने गरिएको समस्या विद्यमान छ ।

अफगानिस्तानबाट फर्केपछि विश्वशक्तिको मुकाम नेपाल हो । यो ओपन सेक्रेट विषय पनि हो । नेपाल चीन, भारत र अमेरिका त्रीशक्तिवीचको केन्द्रमा छ । हुन त यसमा रूस पनि सामेल छ । तथापि दलाई लामाको शुभकामनाले समस्याग्रस्त नेपालको कुटनीतिलाई पनि क्रोनिक बनाइदिएको छ ।

नेपाल कसैसँग लड्नसक्ने स्थितिमा छैन । एक आफैभित्र लड्नुछ, अर्को डिरेल भएको कूटनीतिलाई सम्हाल्नुछ ।

नेपालले यो चुनौती पार गर्नु भनेको १८१६ को सुगौली युद्धभन्दा कडा छ । जेनजी, राजनीतिक र कूटनीतिक चेत भएकाहरू सबै सतर्क रहौं ।

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

कार्की सरकारको लोकप्रियतावादले मात्र निर्वाचन हुन सक्दैन

विश्वभरमा अहिले लोकप्रियतावाद हावी हुँदै गएको छ । मिडिया कमजोर वा लचिलो भईदिँदा राजनीतिमा लोकप्रियतावाद हावी हुँदै जान्छ । बस्तुगत सत्य भन्दा भावनात्मक सत्य पोष्ट ट्रुथ र बैकल्पिक तथ्यहरूमा आधारित भाष्य निर्माणपछि लोकप्रियतावाद राजनीतिले पकड जमाउँछ । अहिले हामीकहाँ त्यस्तै अवस्थाको सिर्जना भएको छ । सस्तो लोकप्रियताको लागि जे पनि बोली दिने तर सत्तामा पुगेपछि आफैंले पहिलो बोलेका कुराहरू पूरा गर्न नसक्ने र दोष अरुलाई लगाएर आफू पानीमाथिको ओभानु बन्न खोज्ने प्रवत्ति नै लोकप्रियतावाद हो ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वंशात्मक कार्यलाई सुशिला कार्की नेतृत्वको सरकारले एकै ठाउँमा राखेर हेर्ने प्रवृत्ति नै लोकप्रियतावाद हो । भाद्र २३ गते जेनजीहरूले शान्तिपूर्ण रुपमा विरोध प्रदर्शन गरेका थिए । दिनका १२:३० पछि सो विरोध प्रदर्शनमा घुसपैठ भएको जेनजी अगुवाहरूले नै स्वीकार गरिसकेका र उनीहरूले सोही दिन प्रेस विज्ञप्ति मार्फत त्यसको जानकारी समेत गराईसकेको भन्दै छानविन गरी कानुनी कारबाही गर्नुको बदला अहिले उनीहरूलाई नै संरक्षण गरिरहेको आरोप जेनजीहरूले लगाइरहँदा कार्की सरकार त्यस विषयमा मौन किन ?

भाद्र २४ गते भएको विध्वंशात्मक कार्यमा सरिक भएकाहरू नै अहिले सत्ताको नजिक रहेका र उनीहरूले आफूहरूले नै सुशिला कार्कीलाई प्रधानमन्त्री बनाएको भनिरहेका छन् भने स्वयम् प्रधानमन्त्री कार्कीले म आफ्नो खुसीले प्रधानमन्त्री बनेको होइन राष्ट्रपतिले तपाई प्रधानमन्त्री नबने तपाईलाई राष्ट्रद्रोहीको घोषणा गरिदिन्छु भनेका र जेनजीहरूले समेत तपाई प्रधानमन्त्री बनिदिनुपऱ्यो भन्दै रुँदै आफूकहाँ आएकोले प्रधानमन्त्री बनेका हुँ भन्ने अभिव्यक्ति दिएकी छन् । यदि प्रधानमन्त्री कार्कीले बोलेको ती कुरा सत्य हुन् भने अहिले जेनजीहरूले नै उनको राजिनामा माग गरिरहेका हुनाले किन उनी राजिनामा दिन तयार छैनन् त ? त्यसैले प्रमाणित हुन्छ, प्रधानमन्त्री कार्कीले समेत लोकप्रियतावादलाई प्रयोग गरेर आफू प्रधानमन्त्री बन्न सफल भएकी हुन् भनेर । नेपालको संविधान विपरित प्रधानमन्त्री नियुक्त हुनु र जनताका समस्या समाधान गर्ने थलोको रुपमा रहेको प्रतिनिधिसभा विघटन कार्की सरकारको अर्को अपराध हो । संविधानले कार्की सरकारलाई चिन्दैन । संविधानले नचिन्ने गरी प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गर्नु राष्ट्रपतिको अर्को गम्भीर भूल हो । राष्ट्रपति संविधानको पालक र संरक्षक रहने व्यवस्था संविधानमै गरेको छ तर राष्ट्रपतिले संविधानको पालना र संरक्षण गर्न नसकेको हुनाले के नेपाली जनताले भने संविधानको पालना गर्न कसरी बाध्य हुन सक्छन् भन्ने प्रश्न अहिले उठेको छ ।

संविधानको पालक र संरक्षक रहेकै व्यक्तिबाट संविधानको उल्लंघन र संरक्षण हुन सक्दैन भने के जनताले भने संविधानको पालना गरिरहनुपर्दछ ? यसको जवाफ राष्ट्रपति र प्रधानमन्त्री सुशिला काकलि जनतालाई किन दिनु नपर्ने ? सुशिला कार्कीलाई भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त गर्दा २ वटा मुख्य जिम्मेवारी दिइएको छ ती हुन् फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने र अर्को भनेको दैनिक कार्य सञ्चालन गर्ने ? के अहिले कार्की सरकारले दैनिक कार्य सञ्चालन माग गरिरहेको छ कि मुलुकलाई गम्भीर असर पर्ने गरी निर्णयहरू गरिरहेको छ । त्यो सबै प्रष्ट छ । निर्वाचिन सरकारले नियुक्त गरेका राजदूतहरू फिर्ता बोलाउने, विभिन्न आयोगहरू खारेज गर्ने, अनि सर्वोच्च अदालतले दिएको आदेशहरू स्वीकार गर्न नसक्नुले कार्की सरकार नै संविधानभन्दा माथि हो त ? कार्की सरकारले आजसम्म प्रधानमन्त्री र मन्त्रीहरू भएको ९० दिनभित्रमा आफ्नो परिवारको सम्पत्ति विववरण सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सर्वोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश नै प्रधानमन्त्री रहेकी र मन्त्रीहरू समेत न्यायाधिश रहिसकेका र केही कानुनविज्ञ रहेका हुनाले उनीहरूले सम्पत्ति विववरण सार्वजनिक नगर्नु भनेको प्रधानमन्त्रीको नियुक्ति नै असम्वैधानिक रहेको र आफूहरू समेत त्यही मन्त्रिपरिषद्मा रहेका हुनाले किन संविधान मान्ने भन्ने पक्षमा उनीहरू रहेको प्रष्ट भएको छ ।

फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन समेत कार्की सरकारले गराउन चाहेका छैन । लोकप्रियतावादको लागि मात्र निर्वाचन भनिरहेको छ । सरकारले मुलुकका ठुला दलहरूले निर्वाचनको वातावरण नै नभएको वा सरकारले बनाउन नचाहेको बताइरहँदा सरकारका गृहमन्त्री भने दलका नेताहरू विरुद्ध अभिव्यक्ति दिन व्यस्त रहेको हुनाले जसरी पनि आफूलाई मन नपरेको मानिसलाई कानुनी कारबाही हुनुपर्दछ भन्नु अर्को लोकप्रियतावाद भएकाले निर्वाचन हुन सक्ने सम्भावना न्यून रहेको हामीले ठहर गरेका छौं ।

वर्तमान भूराजनीति र नयाँ समाजवादको खोज

इन्द्रप्रसाद गोतामे

विचार आफ्नो युगको बौद्धिक सार तत्व हो । कुनै कालखण्डको समय, स्थान, समाजको विकासक्रम, विज्ञान र प्रविधिको प्रगति तथा विविध ज्ञानका शृंखलाको एकीकृत र संश्लेषित रूप नै मानवीय सामाजिक व्यवहार हो । आदिम साम्यवाददेखि आजको डिजिटल युगसम्म आइपुग्दा मानिसले बाँच्नका लागि प्रकृतिसँग गरेको संघर्ष, उत्पादनमा गरेको संघर्ष र वर्गसंघर्ष नै ज्ञान प्राप्तिका आधारभूत स्रोत हुन् ।

सही ज्ञान र विज्ञानको आधारमा संसारलाई बदल्नु नै विचारको सही संश्लेषण हो । विचारले व्यवहारलाई र व्यवहारले विचारलाई निरन्तर दिशानिर्देश गरिरहेको हुन्छ । आजको विश्वमा मार्क्सवाद वा समाजवादी विचारधारा सतहमा हेर्दा रक्षात्मक वा कमजोर देखिए पनि अन्तरनिहित रूपमा यो पुँजीवादी संकटको एक मात्र सशक्त विकल्पका रूपमा पुनः अगाडि आइरहेको छ । आजको पुँजीवादी विचारले आफ्नो परम्परागत चरित्र गुमाएर पूर्णतः साम्राज्यवादी र ध्वंसात्मक स्वरूप ग्रहण गरेको छ । यसको वास्तविक आत्मा अब 'युद्ध पुँजीवाद'मा परिणत भएको छ । हिजोको उदारवाद र नवउदारवाद हुँदै आज यो वित्तीय पुँजीवाद र दलाल पुँजीवादको चरणमा प्रवेश गरेको छ ।

आफ्नो आयु लम्ब्याउन यसले उत्तरआधुनिकतावादको सहारा लिइरहेको छ, जसले सत्यलाई सापेक्षताका नाममा खण्डित गर्छ । सन् १९९१ मा सोभियत संघको विघटनसँगै फ्रान्सिस फुकुयामाजस्ता विद्वान्ले 'इतिहासको अन्त्य' र समाजवादको एकतर्फी अन्त्य भएको घोषणा गरेका थिए । तर, त्यो एकध्रुवीय अमेरिकी विश्व व्यवस्था आज तीन दशक नबित्दै बहुध्रुवीय संक्रमणको कालगतिमा फसेको छ । शक्ति राष्ट्र आज आणविक हतियार, स्वचालित युद्ध प्रणाली र अन्तरिक्ष कब्जा गर्ने होडबाजीमा छन् । पुँजीवादले आफ्नो संकट टार्न उत्तरआधुनिकतावादी विचारमार्फत वर्गीय आन्दोलनलाई 'लोकप्रियतावादी' आन्दोलनमा बदल्ने रणनीति लिएको छ । विज्ञान र प्रविधिको दुरूपयोग गर्दै युवाको सपना मार्ने, उनीहरूलाई निराश बनाउने र सामाजिक असन्तुष्टिलाई वर्गीय दृष्टिकोणबाट होइन, 'जेनेरेसनल'को कोणबाट विघटन गर्ने खतरनाक खेल भइरहेको छ । 'जेन-जी'का नाममा युवाको आक्रोशलाई पुँजीवादले आफ्नो स्वार्थसिद्ध गर्न प्रयोग गरिरहेको छ ।

सन् ०२४/२५ को छोटो अवधिमै बंगलादेश, केन्या, इन्डोनेसिया, मोरक्को, मडागास्कर, नेपाल, पेरू, फिलिपिन्सजस्ता दर्जनौं राष्ट्रमा देखिएका जेन-जी विद्रोहहरू स्वस्फूर्त मात्र छैनन्, यसमा भूराजनीतिक खेलको गन्ध पनि छ । अमेरिकाले आफ्नो खस्कँदो साख जोगाउन करका दर वृद्धिमार्फत व्यापार युद्ध, रूस र चीनलाई घेराबन्दी गर्न युक्रेन र मध्यपूर्वमा प्रोक्सी युद्ध र साना देशमा गृहयुद्ध, सैनिक कु वा 'कलर रिभोलुसन'मार्फत सरकार परिवर्तन गर्ने रणनीति अपनाएको छ । इन्डो-प्यासिफिक रणनीति र मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) जस्ता रणनीतिक परियोजना यही रणनीतिका हिस्सा हुन् ।

दक्षिणपूर्व एसिया, दक्षिण एसिया र समग्र एसिया आज शक्ति राष्ट्रहरूको भूराजनीतिक क्रिडास्थल बनेको छ । भारतको रणनीतिक तटस्थतालाई यो साता पुटिनको आगमनले थप पुष्टि मात्र गरेको छैन, यसले विश्वको भूराजनीतिमा ठुलो तरंग पैदा गरेको छ । चीनविरूद्ध अमेरिकी अस्थिरताको प्रयासले दक्षिण एसिया नयाँ शीतयुद्धको केन्द्र बन्दै छ ।

यद्यपि, आणविक हतियारको त्रासले शक्ति राष्ट्रहरूले प्रत्यक्ष तेस्रो विश्वयुद्ध रोकेका छन्, तर अप्रत्यक्ष विश्वयुद्ध भने सुरू भइसकेको छ । संयुक्त राष्ट्र संघ, युरोपियन युनियन, आइएमएफ, विश्व बैंकजस्ता पश्चिमा नेतृत्वका संस्था कमजोर र औचित्यहीन बन्दै जाँदा ब्रिक्स, सांघाई सहयोग संगठन, युरेसियन आर्थिक संघ, न्यू डेभलपमेन्ट बैंकजस्ता 'ग्लोबल साउथ'का संस्थाको सामूहिक आवाज बलियो बन्दै गएको छ ।

तथ्यांक हेर्दा विश्व उत्पादनमा अमेरिकाको हिस्सा २५ प्रतिशतबाट घटेर १६ प्रतिशतभन्दा तल झरेको छ भने चीनको हिस्सा १८.६ प्रतिशतभन्दा माथि पुगेको छ । यसले स्पष्ट रूपमा पश्चिमको पतन र पूर्व-दक्षिणको उदयलाई संकेत गर्छ । यसले एसियालाई पुनः विश्वको उत्पादन र शीतयुद्धको केन्द्र बनाएको छ । अमेरिका र पश्चिमी गठबन्धनले आफ्नो गुम्दै गरेको विश्व नियन्त्रण कायम राख्न युद्ध र द्वन्द्वको सहारा लिइरहेका वेला चीनले समानता, संवाद र साझा विकासलाई जोड दिई बहुध्रुवीय विश्वको आधार तयार पारिरहेको छ ।

चीनका तीन प्रमुख पहल- ग्लोबल डेभलपमेन्ट इनिसिएटिभले ८० भन्दा बढी देशमा दिगो विकास, ग्लोबल सेक्युरिटी इनिसिएटिभले संवादबाट द्वन्द्व समाधान र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभले सांस्कृतिक सद् भावको वकालत गर्दा विश्वलाई नयाँ विकल्प दिएका छन् । नेपालले यी पहलबाट लाभ लिँदै आफ्नो कूटनीतिक रणनीतिलाई सुदृढ र सन्तुलित बनाउन आवश्यक छ ।

आजको पुँजीवाद केवल उद्योगमा सीमित छैन, यो 'भूमण्डलीकृत वित्तीय पुँजीवाद' र 'डाटा साम्राज्यवाद'मा बदलिएको छ । जहाँ सूचना, एल्गोरिदम र वित्तीय पुँजीको प्रभुत्व छ । प्रत्यक्ष वैदेशिक लगानी र ऋणको जालोमार्फत नवऔपनिवेशिक प्रभुत्व जमाउने प्रतिस्पर्धा चलिरहेको छ ।

नेपालजस्ता देशमा 'दलाल पुँजीवाद' नामक एक नयाँ परजीवी वर्गको जन्म भएको छ । यो वर्ग न त पुँजी लगाउँछ, न त श्रम गर्छ । यसले केवल बिचौलियाको भूमिका खेल्दै राज्यसत्ता कब्जा गरेर कमिसनबाट अकुत सम्पत्ति जम्मा गर्छ । दलाल पुँजीवादी राज्यसत्ताले सञ्चित पुँजीलाई उत्पादनमा लाग्न नदिई कसरी पलायन र शोषण गर्छ भन्ने कुराको गहिरो अध्ययन आजको मार्क्सवादले गर्नुपर्छ । पुँजी लगाउने र श्रम गर्ने वर्गबिचको अन्तरसंघर्षले नै समाजवाद जन्माउँछ, तर दलाल पुँजीवादले यो प्रक्रियालाई अवरूद्ध पारेको छ ।

यतिखेर चीनले अमेरिकालाई पश्चिम एसियामा अल्झाउने रणनीतिअन्तर्गत इरानलाई गोप्य सहयोग गर्दै क्षेत्रीय शक्तिका रूपमा स्थापित गर्न मद्दत गरिरहेको छ । चीनका लागि इरान मध्य एसिया र युरोप जोड्ने महत्वपूर्ण 'ट्रान्जिट' हो । उता, हिन्द प्रशान्त क्षेत्रमा 'फ्री तिब्बत मुभमेन्ट' र ताइबानको मुद्दा उचालेर अमेरिकाले चीनलाई घेराबन्दी गर्न खोज्दै छ । जापानले आफ्नो सैन्य सामर्थ्य बढाउँदै चीनमाथि आक्रामक मुद्रा देखाउनु र 'रेल गन'जस्ता आधुनिक हतियारको विकासले हिन्द-प्रशान्त क्षेत्रको शक्ति सन्तुलन उल्टिने खतरा बढेको छ ।

अर्कातर्फ, 'दुर्लभ पृथ्वी तत्वहरू'को युद्ध पेचिलो बन्दै छ । आधुनिक प्रविधि, मिसाइल र विद्युतीय सवारीका लागि नभई नहुने यी १७ विशेष धातुको ७० प्रतिशत उत्पादन र ८५ प्रतिशत प्रशोधन चीनको नियन्त्रणमा छ । अमेरिका ८० प्रतिशत आयातमा निर्भर छ । चीनले यसलाई भूराजनीतिक हतियार बनाउँदा पश्चिमा प्रविधि संकटमा पर्न सक्छ ।

अमेरिकाको 'जी-२' (अमेरिका-चीन द्वैध शासन) को प्रस्तावलाई चीनले अस्वीकार गर्दै बहुध्रुवीयता रोज्नुले अमेरिका चिढिएको छ ।सन् १९९० को दशकमा १५ टुक्रामा विभाजित र ४० प्रतिशत अर्थतन्त्र गुमाएको रूसलाई भ्लादिमिर पुटिनले पुनः महाशक्ति बनाएका छन् । रूसले 'टोबोल'जस्ता इलेक्ट्रोनिक युद्ध प्रणाली विकास गरेको छ, जसले स्याटेलाइट र रडारलाई अवरूद्ध गर्न सक्छ । युक्रेन युद्धमा यसको सफल प्रयोगले आणविक हतियारभन्दा सूचना प्रविधि कति घातक हुन सक्छ भन्ने पुष्टि गरेको छ ।

जापान अमेरिकाको प्रमुख सहयोगीका रूपमा क्षेत्रीय प्रहरीको भूमिकामा छ भने भारत 'रणनीतिक स्वायत्तता'को नीतिमा छ । भारत एकैपटक 'क्वाड'मार्फत अमेरिकासँग र 'ब्रिक्स'मार्फत रूस-चीनसँग सहकार्य गर्दै आफ्नो राष्ट्रिय हित साधना गरिरहेको छ । विश्व भूराजनीति बहुध्रुवीय बन्दै जाँदा नेपालजस्ता साना राष्ट्र शक्ति संघर्षको केन्द्रमा परेका छन् ।

चीनको बिआरआई र अमेरिकाको एमसिसी/आइपिएसको चेपुवामा नेपाल छ । नेपाल कुनै एक ध्रुवमा ढल्कियो भने त्यसले निम्त्याउने आर्थिक र सुरक्षाको जोखिम कल्पनातीत हुनेछ । नेपाल 'भूराजनीतिक खेलाडी' बन्न खोज्नु आत्मघाती हुनेछ । त्यसैले, नेपालले भूराजनीतिक प्रतिस्पर्धालाई 'भू-आर्थिक' अवसरमा बदल्नुपर्छ ।

नेपालले भारत र चीनबिचको 'व्यापारिक पुल' वा 'बफर जोन'का रूपमा आफूलाई विकास गर्दै दुई विशाल अर्थतन्त्रबाट कृषि, पर्यटन, जलविद्युत् र आइटी क्षेत्रमा लाभ लिनुपर्छ । यसका लागि नेपालले आफ्नो ऐतिहासिक 'शान्ति क्षेत्र' प्रस्तावलाई पुनः अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्नुपर्छ । तर, यसका लागि आन्तरिक राजनीति बलियो हुन आवश्यक छ । विद्यमान अस्थिरता अन्त्य गर्न केन्द्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र प्रदेशमा पहिचानसहितको प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुने शासकीय स्वरूप आजको आवश्यकता हो ।

जेनोम सिक्वेन्सिङ र डिएनए सम्पादनले 'सुपरह्युमन' बनाउने सम्भावना देखाएको छ, जसले वर्गीय खाडललाई 'जैविक खाडल'मा बदल्न सक्छ । एआईले अर्बौंको रोजगारी खोस्दै छ, जसले उत्पादक शक्ति र सम्बन्धमा फेरबदल ल्याउँदै छ । यो प्रविधिको स्वामित्व कसको हातमा हुने ? एक प्रतिशत खर्बपतिको वा ९९प्रतिशत आमजनताको ? यही प्रश्नले अबको क्रान्तिको स्वरूप निर्धारण गर्नेछ ।

सिलिकन भ्यालीको डाटा साम्राज्यवादले समुदायलाई कमजोर बनाएको छ । पुँजीवादले व्यक्तिलाई बलियो बनाउने नाममा समाजलाई विघटन गऱ्यो । यसको विकल्प अब पुरानो मोडेलको समाजवाद होइन, आजको चेतना र प्रविधिमा आधारित 'नयाँ वैज्ञानिक समाजवाद' हो ।

> नेपालले बाह्य हस्तक्षेप र जेन-जी विद्रोहको गलत प्रयोगबाट बच्न १४२ जातजातिलाई एकीकृत गर्दै बलियो राष्ट्रिय एकता कायम गर्नुपर्छ। श्रम शक्ति पलायन रोक्न र बिदेसिएकालाई फर्काउन दोहोरो नागरिकताको प्रावधान र स्वदेशमै सम्मानजनक श्रम मूल्यको ग्यारेन्टी गरिनुपर्छ।

नयाँ समाजवादले 'म र हामी' अर्थात् 'निजी सम्पत्ति र सामूहिक सम्पत्ति'को द्वन्द्वात्मक समायोजन गर्नुपर्छ । पूर्ण निजीकरणले असमानता ल्याउँछ भने पूर्ण सरकारीकरणले निरंकुशता र प्रेरणाको कमी ल्याउन सक्छ । त्यसैले, निजी पहलकदमी र सामुदायिक स्वामित्वको प्रतिस्पर्धात्मक र पूरक मोडेल नै वैज्ञानिक बाटो हो । मार्क्सले परिकल्पना गरेको साम्यवाद–स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको समाज आजको प्रविधिले सम्भव बनाएको छ । जहाँ मानिसको जीवनशैलीमै समाजवाद झल्किन्छ ।

नेपालले बाह्य हस्तक्षेप र जेन-जी विद्रोहको गलत प्रयोगबाट बच्न १४२ जातजातिलाई एकीकृत गर्दै बलियो राष्ट्रिय एकता कायम गर्नुपर्छ । श्रम शक्ति पलायन रोक्न र बिदेसिएकालाई फर्काउन दोहोरो नागरिकताको प्रावधान र स्वदेशमै सम्मानजनक श्रम मूल्यको ग्यारेन्टी गरिनुपर्छ ।

अन्त्यमा, राजनीतिको फोहोर सफा गर्न संगठनको ढाँचा बदल्नुपर्छ । २१औं शताब्दीको जनवादको विकासका लागि दुईवटा विधि आदर्श बन्नुपर्छ- १. निरन्तर सर्वहारा सांस्कृतिक क्रान्ति : विचारको शुद्धीकरणका लागि अति आवश्यक छ । २. नेतृत्वको पृथकीकरण : पार्टीको मूल नेतृत्व सरकारमा नजाने र सरकारमा जानेहरू आलोपालो विधिबाट जाने । यसले सत्ताको उन्माद र भ्रष्टीकरणबाट नेतालाई बचाउँछ ।

पार्टी र सेना (कार्यकर्ता)लाई बन्दुक वा भाषणमा मात्र होइन, श्रम र उत्पादनसँग जोड्नुपर्छ । जब समुदाय नै उत्पादक र उपभोक्ता बन्छ, तब दलाल पुँजीवाद परास्त हुन्छ । पुष्पलालको नयाँ जनवाद, मदन भण्डारीको जनताको बहुदलीय जनवाद र माओवादीको २१औं शताब्दीको जनवादलाई निषेध होइन, संश्लेषण गरेर मात्र हामी नयाँ वैज्ञानिक समाजवादी क्रान्ति पूरा गर्न सक्छौं । समाजवादलाई केवल राजनीतिक नारा होइन, आमजनताको जीवनशैली, संस्कृति र खुसीसँग जोड्न सके मात्र मानव सभ्यता अर्को सौर्यमण्डलसम्म फैलिने आधार तयार हुनेछ । *- नयाँपत्रिका*

भ्रष्टाचार नियन्त्रण : नियत र नियति

किशोर सिलवाल

आज भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय दिवस हो । यस वर्षको नारा छ– भ्रष्टाचारविरूद्ध युवासँग एकजुट : भोलिको निष्ठावान समाजको निर्माण ।

नेपालमा गत भदौमा युवाहरूको भ्रष्टाचारविरूद्धको बिगुल र यस वर्षको 'भ्रष्टाचारविरूद्ध दिवस' को नारा र अवधारणाबीच सामञ्जस्यता वा भनौं संयोग देखिन्छ ।

संयुक्त राष्ट्रसंघले सन् २००३ मा 'भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि' पारित गरेपछि विश्वभरै डिसेम्बर ९ को दिनलाई 'भ्रष्टाचारविरूद्धको दिवस' मनाउन थालिएको हो । यो दिवस मनाउनुको प्रमुख उद्देश्य हो– महासन्धिले गरेको व्यवस्थाबमोजिमको भ्रष्टाचारको न्यूनीकरणमा राज्यले के-कस्तो पहल गऱ्यो ? भ्रष्टाचार नियन्त्रण गर्न सरकारले के-कस्तो पहल गऱ्यो ? र, त्यो पहलकदमी कत्ति प्रभावकारी रह्यो ? यसलाई अझै प्रभावकारी बनाउन के-कस्तो नवीन अभ्यास थालनी गर्नुपर्ने हो ? जस्ता विषयहरूमा संवेदनशील भई तथ्य-तथ्यांकसहित विश्लेषण गर्नु ।

प्रभावकारी ढंगले भ्रष्टाचार नियन्त्रणको सशक्त परिपाटी निर्माण गर्न सकिएन भने विश्वभरै व्याप्त नीति-निर्माण तहको अनैतिक एवं भ्रष्ट आचरण रोक्न कठिन हुन्छ । र, समाजलाई द्वन्द्वरहित, सुरक्षित बनाउने काममा बाधा-अड्चन आउँछ । यही विषयमा विश्व समुदाय चिन्तित भई प्रभावकारी उपाय अवलम्बन गर्न भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरिएको हो । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले जुन उद्देश्य परिपूर्तिका लागि यो महासन्धि जारी गरे, त्यसको प्रभावकारी कार्यान्वयनमा 'हामी निरन्तर लागिपरेका छौं' भन्ने प्रतिबद्धतास्वरूप यो दिनलाई विशेष दिवसका रूपमा मनाइन्छ । यही परिप्रेक्ष्यलाई मनन गर्दै भ्रष्टाचारजन्य कार्य निर्मूल गर्न नसके पनि नियन्त्रण गर्न 'हिजो के गऱ्यौं, आज के गर्दैछौं' भन्ने मूल्यांकन एवं आत्मसमीक्षा र प्रभावकारी नियन्त्रणमा सशक्त भई लाग्न प्रण गर्ने दिन हो आज ।

उक्त महासन्धि कार्यान्वयनमा पक्ष राष्ट्रको हैसियतले नेपालले निःसर्त प्रतिबद्धता व्यक्त गरे पनि राज्य सञ्चालनमा भ्रष्टाचार सामान्य 'नियम' भएको र कर्तव्य-निष्ठता एवं इमानदारिता अपवाद बनेको छ । वैध-अवैध, भ्रष्ट तथा अनैतिक जस्तोसुकै ढंगबाट कमाएको भए पनि अहिले सम्पत्ति नै सामाजिक श्रेष्ठताको मानक बनेको छ । समाजले स्विकार्ने भएकाले भ्रष्टाचारीको मस्तिष्कमा जसरी भए पनि 'टाकटुक मिलाएर काम गर्नुपर्छ, पैसा कमाउनुपर्छ' को सोचले जरो गाडेको छ । घुसखोरी, तस्करी, राजस्व अपचलनलगायत भ्रष्टाचारजन्य कार्य निन्दनीय र अक्षम्य हुन् भन्ने संस्कार विकसित गर्नुभन्दा त्यस्ता कार्य गर्नेलाई पुज्ने हाम्रै प्रवृत्तिले भ्रष्टाचारलाई मलजल गरेको छ । त्यसैको परिणति हो- ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष प्रकाशित गर्ने भ्रष्टाचार अवधारणासम्बन्धी अन्तर्राष्ट्रिय सूचकांकमा नेपालले प्राप्त गर्दै आएको न्यूनतम अंकभार । यस्तो सूचकांकको परिणाम आउनेबित्तिकै हामीमध्ये अधिकांशलाई रूचिकर लाग्ने 'नेपालको संविधानले भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको भए पनि यसले भ्रष्टाचार रोक्न नसकेकाले नेपालले न्यूनतम अंक प्राप्त गरेको हो' भन्ने भाष्य स्वस्फूर्त व्यक्त गरिन्छ । यस्तै भाष्य छरपस्टिएका छापाहरू एवं सामाजिक सञ्जाल हेर्नु-पढ्नु हाम्रो नियति बनेको छ । अनि त्यसमै रंगमङ्गिएर व्यक्त भएका भ्रामक, द्वेषपूर्ण र अतिरञ्जित प्रतिक्रियामा रम्नु हाम्रो दैनिकी बनेको छ ।

सामान्यतया असल आचरण, सदाचार, उच्च नैतिक चरित्र एवं जवाफदेहिताबाट विमुख भई व्यक्तिगत स्वार्थपूर्तिका लागि सार्वजनिक पद र अधिकारको दुरूपयोग गर्नु नै भ्रष्टाचार हो । सार्वजनिक पदमा बस्ने राष्ट्रसेवकले संविधान, ऐन, नियम, निर्देशिका, मापदण्ड कार्यविधिले निर्धारण गरेका मान्यता र प्रक्रियाअन्तर्गत रहेरै जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । राज्यको कुनै पनि पद वा जिम्मेवारीमा नियुक्त वा मनोनीत जोकोही राष्ट्रसेवक वा सार्वजनिक पदाधिकारीको जिम्मेवारीको प्रस्थानविन्दु संविधान र अन्य विविध स्वरूपका ऐन-नियम-कानुन हुन् । विद्यमान कानुनको बर्खिलाप हुने गरी जवाफदेहिताबाट विमुख रही कुनै राष्ट्रसेवक तथा सार्वजनिक पदाधिकारीले कार्य गर्छ भने भ्रष्टाचारको सुरूवात त्यही विन्दुबाट हुन्छ, त्यसमा कसैमा द्विविधा हुँदैन । त्यस अर्थमा भ्रष्टाचार नियन्त्रणको प्रभावकारी थालनी स्वयं जिम्मेवारीमा बस्ने अधिकारीबाट हुनुपर्छ । तत्पश्चात् त्यस्तो कामकारबाहीलाई अनुगमन र मूल्यांकनको जिम्मेवारी वहन गर्ने व्यक्ति वा निकायले 'कानुनबमोजिम हुनुपर्ने वा गर्नुपर्ने जिम्मेवारी वहन गरियो/गरिएन' भनी निगरानी-अनुगमन गर्ने हो । त्यसैले भ्रष्टाचार नियन्त्रणको पहिलो खुड्किलो स्वयं कर्ता-राष्ट्रसेवक वा सार्वजनिक पदाधिकारी हो भने त्यसपछिको जिम्मेवारी अनुगमन वा मूल्यांकन गर्नेमा रहन्छ ।

कुनै सरकारी रकम खर्च लेख्नुअघि बिल भर्पाइ कागजात अनुसार भुक्तानी दिन रीत पुगे/नपुगेको जाँच गर्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ तथा नियमावली-२०७७ ले निर्धारित गरेको विषय हो । बिल भर्पाइबिना खर्च लेख्न तत् कानुनले सम्बन्धित अधिकारीलाई प्रस्टसँग रोक्छ । यस्तो प्रकृतिको भ्रष्टाचार रोक्ने प्राथमिक दायित्व स्वयं कर्मचारीकै हो । झूटा हवाई टिकट पेस गरी रकम भुक्तानी लिई भ्रष्टाचार गरेको (०७७-सीआर-००४८) मुद्दामा सम्मानित सर्वोच्च अदालतले गरेको फैसलालाई दृष्टान्तका रूपमा लिन सकिन्छ । यस मुद्दामा अमुक निकायका केही कर्मचारीले कार्यालयको काममा काठमाडौं-नेपालगन्ज, नेपालगन्ज-काठमाडौं ओहोरदोहोर गर्दा 'हवाईजहाजबाट यात्रा गरेको' भनी यात्रा नै नगरी तथा बसबाट यात्रा गरी हवाईजहाजको झूटो टिकट बनाई भुक्तानी लिएकामा भ्रष्टाचार मुद्दा दायर गरिएको थियो । यात्रा नै नगरेको हवाईजहाजको टिकट पेस गर्ने व्यक्ति, त्यो स्वीकृति गरी भुक्तानी दिने राष्ट्रसेवक यस्तो प्रकृतिको भ्रष्टाचार हुन नदिने पहिलो तहका कर्मचारी हुन् । यस्तो काम/कुरा भए/गरेको कुनै माध्यमबाट थाहा/जानकारी पाए सोबारे अनुसन्धान गरी मुद्दा दायर गर्ने दोस्रो तहको जिम्मेवारी हो । सम्बन्धित एयरलाइन्सबाट छुट मूल्यमा टिकट लिई बढी भाडादरको टिकट पेस गरेको भन्नेसमेतको उपरोक्त मुद्दामा भ्रमण खर्च नियमावली-२०६४ को नियम २३ बमोजिम कारबाही हुनुपर्ने अवस्थाको विद्यमानता देखिँदा यस्तो अवस्थामा भ्रष्टाचार निवारण ऐन आकर्षित नहुने भन्ने सम्मानित सर्वोच्च अदालतको ठहर देखिन्छ । यात्रा नै नगरेको हवाई टिकट पेस गरी भुक्तानी लिएको निचोड माननीय न्यायमूर्तिहरूको रहे पनि अमुक ऐनको परिप्रेक्ष्यमा त्यस्तो कार्य भ्रष्टाचार हुँदैन भन्ने परिष्कृत व्याख्या गर्ने निपुणता हामीबाहेक विश्वको अन्य भागमा पाउन सकिँदैन ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी 'अख्तियार दुरूपयोग' गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने/गराउने संवैधानिक निकाय हो– अख्तियार दुरूपयोग अनुसन्धान आयोग । वि.सं. २०७६ मा राष्ट्रिय सभामा प्रस्तुत संशोधन विधेयक राजनीतिक षड्यन्त्रले कोमामा रहेको भए पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन- २०४८ र निर्माण भएको मितिदेखि गत वर्षको अन्त्यतिर मात्रै पहिलो पटक संशोधन भएको भ्रष्टाचार निवारण ऐन-२०५९ भ्रष्टाचारसम्बन्धी कामकारबाहीलाई कानुनको दायरामा ल्याउने कानुनी औजार हुन् । उक्त कानुनहरूको दायराभित्रै रही आयोगले आफ्नो संवैधानिक जिम्मेवारी निरन्तर रूपमा गरिआए पनि यत्रतत्र सर्वत्र भ्रष्टाचारको कोकोहोलो सुनिन्छ । अनि त्यो कोकोहोलोभित्रै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण गरेन भन्ने गुनासो, आवेग अनि अतिरञ्जित आरोप हाम्रो दैनिकी हो । भ्रष्टाचारसम्बन्धी आरोपको अनुसन्धान/छानबिन गर्ने संरचनाहरू राज्यमा थुप्रै छन्, तर विफलताको कथा मूल रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग मात्रै जोडिन्छ । भ्रष्टाचार मुद्दा हेर्ने छुट्टै विशेष अदालत छ, भ्रष्टाचारको विषयमा सार्वजनिक खबरदारी गर्ने संघीय संसद् र त्यसका समितिहरू छन्, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण विभाग, राजस्व अनुसन्धान विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय जस्ता निकायहरूसमेत भ्रष्टाचार नियन्त्रणसँग प्रत्यक्ष जोडिएका छन् । तर, आम नेपाली भ्रष्टाचारबाट त्राण पाउन 'आकाशको फल आँखा तरी मर्' भन्ने कहावत जपेरै बस्नुपर्ने अवस्थामा छन् भनिन्छ । यसरी भ्रष्टाचार नियन्त्रण गर्ने निकायको सूची लामै छ । २०४६ सालदेखि नै भ्रष्टाचार हेर्न शक्तिशाली आयोग बनाउने आवाज बुलन्दी साथ अगाडि बढेकै हो । तर, भएकै कानुनलाई प्रभावकारी तवरमा कार्यान्वयन नगरून्जेल जतिसुकै र जस्तोसुकै शक्तिशाली आयोग बनाए पनि अहिलेकै पात्र, प्रवृत्ति र परम्परा हाबी रहिरहे निरीह जनावरलाई बलि चढाएर मन्नत माग्ने कार्यमा अभ्यस्त हामीहरूको हातमा लाग्ने शून्य नै हो ।

भ्रष्टाचार निवारण ऐन संशोधन गर्न २०७६ माघमा राष्ट्रिय सभामा दर्ता भएको प्रस्तावित संशोधन संसद्बाट पारित हुन हाम्रो प्रणालीमा पाँच वर्षभन्दा केही दिन बढी लाग्यो । २३ वर्षअघि बनेको भ्रष्टाचार निवारण ऐन- २०५९ मा ल्याइएको संशोधनको दफा '७ क' मा 'नेपालको सन्दर्भमा भ्रष्टाचार नियन्त्रणका नवीन व्यवस्था' गरिए पनि त्यसका कतिपय प्रावधान प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न अख्तियारको मात्रै प्रयासले आजसम्म सम्भव भएको छैन । उक्त दफामा 'कुनै राष्ट्रसेवकले कानुनबमोजिम कुनै खास अवधिभित्र कुनै निर्णय गरिसक्नुपर्नेमा मनासिब कारण परेको अवस्थाबाहेक जानी/जानी आफू वा अरू कसैलाई लाभ लिई/दिई/दिलाई बदनियतपूर्वक त्यस्तो निर्णय नगरेको कारणबाट सार्वजनिक संस्था वा व्यक्तिलाई हानि-नोक्सानी पुग्न गएको रहेछ भने त्यसो गर्ने व्यक्तिलाई सजाय हुने' व्यवस्था गरिएको छ । यो दफाले कुन काम कति अवधिसम्म गरिसक्नुपर्ने हो ? त्यसलाई नाप्ने आधार के हुने ? आयोगले आफ्नै तवरले यस्तो समयावधिबारे कुनै तर्कसंगत निष्कर्षमा पुगेर अभियोग दायर गरिहाल्यो भने विगतका थुप्रै मुद्दामा स्थापित सिद्धान्तमा भनिएझैं अख्तियारले मनगढन्ते, स्वेच्छाचारी एवं बदनियतपूर्वक कार्य गऱ्यो भन्ने आरोपको भुमरीमा पर्नु आयोगको नियति हो । भ्रष्टाचार निवारण ऐन-२०५९ मा ल्याइएका थुप्रै यस्ता प्रावधान कार्यान्वयन प्रयोजनार्थ समयमै उचित तवरले सम्बोधन गरिए मात्रै परिमार्जित प्रावधान कार्यान्वयन योग्य हुन सक्छन् ।

अन्यथा पुरानो कहावत 'ल्हासामा सुन छ मेरो कान बुच्चै' भनेझैं किताबमै ऐनका दफा सीमित भइरहनेछ ।

बिल भर्पाइ र भुक्तानी लिन आवश्यक पर्ने सम्पूर्ण कागजात समयमै पेस गर्दा पनि मागेको कमिसन वा घूस बुझाउन नसक्दा खर्च लेख्ने अधिकारीले भुक्तानी नदिएको कारण घूस-रिसवत बुझाउनुपरेको थुप्रै पीडितको अन्तरकथा हो । यस्ता पीडा अचानोले मात्रै थाहा पाउँछ । सानो अचानोको सानै कथा हुँदा भ्रष्टाचार नियन्त्रणको परिप्रेक्ष्यमा ओझेलमा परेका यिनको गिन्ती नै हुँदैन । यस्तो प्रकृतिको उजुरीलाई अख्तियारले सम्बोधन गरिहाल्दा पनि 'सानो-मसिनो भ्रष्टाचारलाई अख्तियारले हात हाल्यो, आयोगले साना-मसिना-झिना-निरीह मानिसलाई हात हाल्ने त हो नि' भन्ने भाष्यबाट आयोग आफैं पीडित भएको अरूले महसुस गर्ने विषय नै मानिँदैन ।

हामीले बुझिआएकै हो- 'गर्न नहुने एवं नगर्नुपर्ने कुरा गरेर मात्रै भ्रष्टाचार हुन्छ तथा भ्रष्टाचार हुन आरोपित व्यक्तिले कुनै कागजातमा हस्ताक्षर ल्याप्ने नै ठोकेको हुनुपर्छ ।' यो परम्परागत सोचले अरोटपरोट गर्ने धेरै भ्रष्टाचारी उम्किएर भ्रष्टाचारविरूद्ध प्रवचन दिने महागुरूको भूमिकामा व्यस्त छन् । भ्रष्टाचार नियन्त्रणसम्बन्धी तिनै मनुवाको प्रवचन सुनेर दीक्षित बन्नुपर्ने आम नेपालीको नियति बनेको छ ।

अंग्रेजी शब्द 'स्टन्ट' को खास अर्थ हुन्छ- साहसिक चाल वा जोखिमपूर्ण क्रियाकलाप । विशेषतः चलचित्र, सर्कस तथा मोटरबाइक शोहरूमा यस्तो क्रियाकलाप गरिन्छ । राजनीतिक दलका नेताहरूले भ्रष्टाचारका फाइल खोल्न लागेको भनी बेलाबेला दिने अभिव्यक्ति यस्तै 'स्टन्टबाजी' हुन् । यस्तो रोग कुनै एक दलमा मात्रै सीमित छैन, सबै दलका नेताको अभिव्यक्तिमा दिन दुगुना, रात चौगुना यस्ता अभिव्यक्ति आउँछन् । नीति-निर्माण तहमा बसेका मन्त्रीहरू आफ्नो कार्यालय फिल्डमै घुमिफिरी आम जनतालाई भ्रमित पार्ने उद्घोषमा भ्रष्टाचारजन्य कार्य अन्तरघुलित भएको देखिन्छ । 'म अमुक जिल्लाको राजा हुँ' भनी 'स्टन्टबाज' अभिव्यक्ति दिने गणतन्त्रकालका श्रीपेचबिनाका थुप्रै राजाहरू भ्रष्टाचारमा लिप्त भएको नपाइएको होइन । भ्रष्टाचारको जगमा बसेर अरूमाथि प्रश्न तेर्स्याउने अनि भ्रष्टाचारीको मुख पनि हेर्दिनँ भनेर राजनीतिक उत्कर्षमा बस्नेहरूका अन्तरकथा समयक्रमले ज्युँदा मान्छेहरूको फेला पर्ने दिन आए यो मुलुकको मुहार फेरिने थियो ।

१ साउन, २०८१ मा विशेष अदालतमा दशकमै सबैभन्दा बढी मुद्दा फछ्र्योट प्रतिशत रहेको र अन्तिम ६ महिना नाघेका मुद्दा शून्यमा झरेका छन् भन्ने खबर छापियो । मुद्दा छिटो छिनेको खबर पढ्न पाउनु अत्यन्तै उत्साहजनक र सबै न्यायकर्मीलाई उत्प्रेरित गर्ने मात्रै नभई आमनागरिकका लागि पनि सुखद खबर थियो । यससम्बन्धमा न्यायका दुई मान्यता महत्त्वपूर्ण मानिन्छन्- न्याय ढिलाइ गर्नु न्याय इन्कार गर्नु हो र न्याय गर्न हतार गर्नु न्याय मार्नु हो । यी दुई मान्यतामा सन्तुलन कसरी गर्ने ? भ्रष्टाचार मुद्दामा छिटो फैसला गरेर अनाहकमा आरोपित बनेका व्यक्तिलाई सफाइ दिई 'आरोपितको पालनहारा बन्नु बेठिक' भन्ने दुस्साहस कसैले गर्दैन । तर, ६ महिनाभित्रै फैसला गरिसक्न सिर्जनशील माननीयहरूले एक-डेढ वर्षसम्म पनि फैसलाको पूर्ण पाठ नलेखिने पद्धतिलाई कसरी लिने ? न्यायालय प्रमुखको बेलाबेलामा पढ्न पाइने 'न्यायिक निष्ठाको जिम्मेवारी आफूले लिएको छु' भन्ने जानकारीमूलक अर्ती-उपदेश फैसलाको पूर्णपाठ कानुनबमोजिमको अवधिभित्र पाउने अभ्यास सुरू गरिएन भने उक्त अभिव्यक्ति 'स्टन्टबाजी' मान्नुको विकल्प रहँदैन । न्यायिक निष्ठाले न्यायालयभित्रको विकृति एवं विसंगति उजागर गरी त्यसलाई निर्मूल गर्ने उपायको खोजी गर्छ । विकृति-विसंगति छ भन्नु र न्यायालयभित्रको विकृति-विसंगति र भ्रष्टाचारमा साँच्चिकै अनुसन्धान हुनु फरक कुरा हुन् ।

भ्रष्टाचारविरूद्ध बलियो प्रणाली सञ्चालन गर्न सकिए मात्रै भ्रष्टाचार निर्मूल अभियानले सार्थकता पाउँछ । सुकिला लुगा लगाएका, देख्दा भ्रष्टाचार नियन्त्रण गर्ने मसिहाजस्ता, तर व्यवहारमा त्यसैको नाइके बनेर भ्रान्ति फैलाउने क्रान्तिकारीहरू सडकदेखि सदनसम्मै बग्रेल्ती पाइन्छन् । यस्ता भ्रष्टहरू राज्यका हरेक निकायमा पहुँच राख्छन् । जहाँ यिनको पहुँच पुग्न सक्दैन, त्यो निकायले जतिसुकै प्रभावकारी हुन प्रयत्न गरे पनि ती निकाय र त्यसमा काम गर्नेहरूप्रति अकर्मण्यताको पगरी भिराइन्छ । यस अर्थमा देशमा फैलिएको भ्रष्टाचारको जालो व्यापक छ । भ्रष्टाचारप्रति हाम्रो जति चासो छ, नियन्त्रणमा सक्रियता छैन । भ्रष्टाचारप्रति आक्रोशको बिगुल फुकिए पनि नियन्त्रणमा हार्दिक समर्थन छैन । राजनीतिक आवरणमा भएका अपराधको अनुसन्धान सजिलो छैन । तर, अपराधको न कुनै राजनीतिक दल वा सिद्धान्त हुन्छ न कुनै धर्म, वर्ग, लिंग, जात-जाति वा समुदाय नै । कर्मका आधारमा उसको एक मात्रै पहिचान 'अपराधी' हुन्छ । राज्यका हरेक निकाय वा अंगले यही मान्यतामा अडिग रही काम गरे भ्रष्टाचारीहरू अवश्य निस्तेज हुनेछन् । *-कान्तिपुर*

बैंकिङ क्षेत्रमा प्रयोग गरिने एआईलाई नियमनको दायरामा ल्याइँदै

काठमाडौं । बैंक तथा वित्तीय संस्था, पूर्वाधार विकास बैंक, भुक्तानी सेवाप्रदायक संस्था, भुक्तानी प्रणाली सञ्चालकजस्ता लाइसेन्सप्राप्त संस्थाहरूले प्रयोग गर्ने आर्टिफिसियल इन्टिलिजेन्स (एआई)लाई नियमनको दायरामा ल्याइने भएको छ । नेपाल राष्ट्र बैंकले मार्गदर्शन बनाएर बैंकिङ क्षेत्रमा प्रयोग भएको र अब हुने एआईलाई व्यवस्थित बनाउन लागेको हो ।

यसका लागि राष्ट्र बैंकले आर्टिफिसियल इन्टिलिजेन्स गाइडलाइनको मस्यौदा जारी गरेको छ । आइतबार जारी भएको मस्यौदामा १५ पुससम्म सरोकारवालाले सुझाव दिनेछन् । त्यसपछि राष्ट्र बैंकले अन्तिम मार्गदर्शन जारी गर्नेछ । त्यसअन्तर्गत रहेर बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक, भुक्तानी प्रणाली सञ्चालक, पूर्वाधार बैंकलगायतले एआई प्रयोग गर्न सक्नेछन् । यस्ता संस्थाले आफ्नै एआई प्रणाली बनाएर पनि प्रयोगमा ल्याउन सक्नेछन् । आउटसोर्सिङबाट पनि एआई प्रयोग गर्न सकिने बताइएको छ ।

राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलले राष्ट्र बैंकबाट लाइसेन्सप्राप्त संस्थाहरूमा एआई प्रयोगलाई व्यवस्थित बनाउन खोजेको बताए । 'अहिले विश्वका विभिन्न देशले एआईसम्बन्धी कानुन नै ल्याइसकेका छन् । नेपाल सरकारले पनि नियमावली ल्याएको अवस्था छ । नेपालमा एआईको प्रयोग बढ्दै गएको छ । त्यसलाई हामीले रोक्न हुँदैन,' उनले भने, 'बैंकिङ क्षेत्रमा प्रयोग हुने एआईलाई नियमन गर्दै इथिकल बनाउन खोजेका छौं । यसका लागि गाइडलाइनको मस्यौदा सार्वजनिक भइसकेको छ । त्यसमा प्राप्त हुने राय-सुझावका आधारमा गाइडलाइनलाई अन्तिम रूप दिनेछौं ।'

राष्ट्र बैंकले गत आवकै मौद्रिक नीतिमा एआई गाइडलाइन बनाउने घोषणा गरेको थियो । त्यसको डेढ वर्षपछि बल्ल एआई गाइडलाइन तर्जुमा गर्न लागेको हो । राष्ट्र बैंकले सूचना प्रविधि तथा सञ्चार मन्त्रालय, बैंक तथा वित्तीय संस्थालगायतका क्षेत्रका प्रतिनिधि राखेर गाइडलाइनको मस्यौदा बनाएको थियो ।

बैंकिङ क्षेत्रले प्रयोग गर्ने एआईलाई जिम्मेवार, नैतिक र सुरक्षित बनाउन गाइडलाइन ल्याउन लागिएको प्रवक्ता पौडेलको भनाइ छ । 'एआई अब कर्जा मूल्यांकन, धोखाधडी पहिचान, ग्राहकसँगको अन्तर्क्रिया, जोखिम व्यवस्थापनलगायतका क्षेत्रमा प्रयोग हुन थालेको छ । यो अवस्थामा राष्ट्र बैंकले नवीनता प्रवर्द्धनसँगै ग्राहक अधिकार, निष्पक्षता र वित्तीय स्थिरताको सुरक्षामा जोड दिएको छ,' उनले बताए ।

मस्यौदाअनुसार क्रेडिट स्कोरिङ, धोखाधडी पहिचान, ग्राहक सेवा, जोखिम व्यवस्थापन र अनुपालनजस्ता क्षेत्रमा एआई प्रयोग गर्न सकिनेछ । राष्ट्र बैंकबाट लाइसेन्सप्राप्त संस्थाहरूले एआई रणनीति तथा शासन पद्धति बनाउनुपर्नेछ । उनीहरूले क्रस डिसिप्लिनरी एआई स्टियरिङ कमिटीसमेत बनाउनुपर्ने प्रस्ताव गरिएको छ ।

लाइसेन्सप्राप्त संस्थाहरूले आन्तरिक काममा तेस्रो पक्षका एआई प्रयोग गर्न सक्ने प्रस्ताव पनि गरिएको छ । कागजात तयार पार्ने, सारांश बनाउने, जानकारी विश्लेषण गर्नेजस्ता आन्तरिक कामका लागि तेस्रो पक्षका एआई उपकरण प्रयोग गर्न सक्ने प्रस्ताव गरिएको छ । मस्यौदाअनुसार आउटसोर्सिङका रूपमा पनि एआई प्रयोग गर्न सकिनेछ । बैंकलगायतका लाइसेन्सप्राप्त संस्थाहरूले विभिन्न सेवा आपूर्तिका लागि तेस्रो पक्षलाई जिम्मा दिन्छन् । त्यसमा एआईको प्रयोग भएमा मान्यता दिने प्रस्ताव गरिएको छ । व्यापक ड्यु-डिलिजेन्स गर्ने काममा समेत एआई प्रयोग गर्न दिने प्रस्ताव गरिएको छ ।

जोखिम मूल्यांकन गर्न पनि एआई प्रयोग गर्न दिने प्रस्ताव गरिएको छ । तेस्रो पक्ष एआई प्रयोग गर्दा डेटा सुरक्षा, अनुपालन अर्थात् नियमसंगत, लेखा परीक्षणका लागि योग्य हुनुपर्नेछ । आउटसोर्सिङका रूपमा एआई प्रयोग गर्दा सञ्चालक समितिबाट स्वीकृति पनि लिनुपर्नेछ । साथै, नेपाल राष्ट्र बैंकको सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी पनि दिनुपर्नेछ । एआई प्रयोग गर्दा आउने जोखिमलाई व्यवस्थापन गर्नुपर्ने पनि मस्यौदामा उल्लेख छ ।

एआई प्रयोग गर्दा हुन सक्ने पक्षपात पहिचान गरी रोकथाम गर्नुपर्ने प्रस्ताव गरिएको छ । एआईलाई भेदभावपूर्ण निर्णय लिन नदिने व्यवस्था पनि अनिवार्य रूपमा गर्नुपर्ने प्रवक्ता पौडेलले बताए । यस्तै, उच्च जोखिमयुक्त एआई प्रणालीलाई स्वतन्त्र तेस्रो पक्षबाट प्रमाणीकरण गर्नुपर्ने बताइएको छ ।

यस्तै, एआई प्रणालीको निरन्तर अनुगमन पनि गर्नुपर्ने बताइएको छ । ठुलो प्राविधिक असफलता, डेटा चुहावट, हानिकारक पक्षपातबारे राष्ट्र बैंकमा जानकारी गराउनुपर्ने बताए ।

एआईलाई पारदर्शी, निष्पक्ष, सुरक्षित र ग्राहकमैत्री बनाउनुपर्ने पनि मस्यौदामा उल्लेख छ । नवीनता र जवाफदेहिताबिच सन्तुलन कायम गर्नुपर्ने पनि बताइएको छ । 'वित्तीय क्षेत्रलाई एआईमा सक्षम बनाउन खोजेका छौं । साथै, नियन्त्रित र उत्तरदायी बनाउनुपर्छ भन्ने हाम्रो मनसाय हो,' प्रवक्ता पौडलले बताए । एआई प्रयोग र यसको प्रणाली पारदर्शी र स्पष्ट हुनुपर्ने पनि बताइएको छ ।

एआई प्रयोग गर्दा डेटाको गोपनीयता र सुरक्षा ग्यारेन्टी हुनुपर्ने प्रस्ताव गरिएको छ । एआई प्रणालीहरू नै ग्राहकको डेटा सुरक्षा गर्ने र गोपनीयता सुनिश्चित गर्ने गरी डिजाइन गर्नुपर्ने छ । यसैगरी डेटाको प्रयोग आवश्यकताअनुसार मात्रै गर्नुपर्ने प्रस्ताव गरिएको छ । जथाभावी रूपमा धेरै डेटा प्रयोग गर्न नहुने बताइएको छ । एआई प्रणालीमा ग्राहकको डेटा प्रयोग गर्नुअघि सहमति लिनुपर्ने पनि प्रस्ताव गरिएको छ । ग्राहकलाई कुनै पनि समयमा स्पष्ट रूपमा डेटा प्रयोगबाट बाहिर निस्कन सक्ने विकल्प प्रदान गर्नुपर्ने पनि बताइएको छ ।

यस्तै, एआई प्रणाली समावेशी पनि हुनुपर्ने बताइएको छ । 'एआई प्रणाली सबै जनसंख्या समूहका लागि सेवा प्रदान गर्न सक्ने गरी डिजाइन गर्नुपर्छ । मुख्यतः पछाडि परेका कमजोर तथा सेवा नपुगेका समुदायलाई समान रूपमा पहुँच र लाभ प्रदान गर्ने गरी एआई प्रणाली बनाउनुपर्छ । साथै, वित्तीय पहुँचमा असमानता बढ्ने, नयाँ प्रकारका बहिष्करण सिर्जना हुने वा विद्यमान विभाजन झनै गहिरिने अवस्था उत्पन्न नहुने गरी सुनिश्चितता गर्नुपर्नेछ,' मस्यौदामा भनिएको छ ।

बैंक तथा वित्तीय संस्था तथा लाइसेन्सप्राप्त संस्थाहरूले एआईबाट बनाएको सामग्रीको 'लेबल' पनि गर्नुपर्नेछ । हालको उजुरी व्यवस्थापन प्रणालीलाई एआई प्रणालीमा आधारित बनाउन सक्ने व्यवस्था पनि गरिएको छ ।

आंशिक सञ्चालनमा आयो १११ मेगावाटको रसुवागढी जलविद्युत्

काठमाडौं । गत असारको बाढीले क्षतिग्रस्त एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना आंशिक रूपमा सञ्चालनमा आएको छ । गत २४ असारमा चीनको तिब्बतबाट बग्ने ल्येन्दे खोलामा हिमताल विस्फोटनबाट आएको बाढीले आयोजनाको बाँधलगायतका संरचना (हेडवर्क्स)मा ठुलो क्षति पुऱ्याएको थियो । त्यसपछि बन्द भएको आयोजनामा शनिबारदेखि ३७ मेगावाटको एउटा युनिट सञ्चालनमा ल्याइएको हो ।

परियोजनामा ३७-३७ मेगावाटका तीनवटा युनिट अर्थात् टर्बाइन छन् । बाँकी दुई युनिट भने सञ्चालनमा आउन बाँकी छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा निर्माण भएको यो आयोजना पुस ०८१ मा मात्रै सञ्चालनमा आएको थियो । त्यसको ६ महिनामै परियोजना बाढीले क्षतिग्रस्त भएको थियो । आवश्यक मर्मत-सम्भार तथा पुनर्निर्माण गरेर शनिबारदेखि एउटा युनिट सञ्चालनमा लाइएको हो । हेडवर्क्सको मर्मतपछि अस्थायी रूपमा नदीबाट पानी डाइभर्सन गरी विद्युत्गृहमा रहेका तीनवटा युनिटमध्ये एउटा युनिट शनिबारबाट सञ्चालनमा ल्याइएको हो ।

बाँकी दुईवटा युनिट एक महिनाभित्र सञ्चालनमा ल्याउने र हेडवर्क्स क्षेत्रको बाँकी मर्मतकार्य आगामी वर्षायामअगाडि नै सम्पन्न गर्ने योजना छ । सोहीअनुसार पुनर्निर्माणको काम भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले बताए । 'आयोजनाबाट विद्युत् उत्पादन सुरू भएपछि हिउँदयामको विद्युत् माग व्यवस्थापन गर्न केही सहज हुनेछ,' उनले भने ।

बाढीले आयोजनाको हेडवर्क्स क्षेत्रमा पानीसँग बगेर आउने काठ, झार, बोटबिरूवाजस्ता वस्तु रोक्ने मेसिन, गेटलगायतका उपकरण बगाएको थियो । हेडवर्क्स नियन्त्रणलगायतका भवनमा दुई मिटरभन्दा बढी लेदो थुप्रिएको थियो । हेडवर्क्समा ठुल्ठुला ढुंगा आएका थिए र पानीलाई सुरूङतर्फ पठाउन बनाएका संरचना भत्किएका थिए । साथै, विद्युत् उत्पादनपछि नदीलाई पानी पठाउन प्रयोग हुने टेलरेसबाट पानी बसेर टर्बाइन रहेको तला पूर्ण रूपमा डुबेको थियो । उक्त दिन जलविद्युत् आयोजनामा कार्यरत २२ जना कर्मचारीलाई हेडवर्क्स क्षेत्र र आवास क्षेत्रबाट सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको थियो । कर्मचारी आवास क्षेत्र पूर्ण रूपमा बगाएको थियो । बाढीका कारण आयोजनालाई मात्र नभई स्याफ्रुबेंसीबाट आयोजनास्थलसम्म जाने राजमार्ग पहिरोले विभिन्न ठाउँमा अवरोध भएको थियो ।

आयोजनाबाट १६ पुस ०८१ बाट व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरू भएको थियो । तर, असारमा आएको बाढीले क्षति पुऱ्याएपछि आयोजनाबाट विद्युत् उत्पादन बन्द थियो । आयोजना पूर्ण रूपमा सञ्चालनमा आएपछि वार्षिक रूपमा ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत् उत्पादन हुनेछ ।

खेलकुद

सुदूरपश्चिम लगातार दोस्रोपटक एनपिएलको फाइनलमा

सुदूरपश्चिम रोयल्स दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा प्रवेश गरेको छ । गत वर्षको फाइनलिस्ट सुदूरपश्चिमले मंगलबार त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा क्वालिफायर वानमा विराटनगर किंग्सविरूद्ध ७७ रनको सानदार जित निकाली लगातार दोस्रोपटक फाइनल पुग्ने पहिलो फ्रेन्चाइज टोली बनेको छ । क्वालिफायर वानमा एकपक्षीय जित हात निकाल्ने क्रममा सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले सर्वाधिक ६३ रनको योगदान दिएका थिए ।

विनोदले एनपिएलमा दोस्रो अर्धशतक बनाएका हुन् । एनपिएलको सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा उनी उक्लिएका छन् । उनले आठ खेलमा २६४ रन जोडेका छन् । पोखराका एडम रोसिंटन ३२३ रनका साथ शीर्ष स्थानमा छन् । चालू एनपिएलमा ७७ रनको ठुलो अन्तरमा पराजित हुने टोली विराटनगर बनेको छ । सुदूरपश्चिमले लिग चरणको आफ्नो अन्तिम खेलमा विराटनगरसँग व्यहोरेको नमिठो हारको बदलासमेत लिएको छ । सुदूरपश्चिमले पहिलो ब्याटिङ गरी २० ओभरमा सात विकेट गुमाएर १५५ रनको मध्यम योगफल खडा गरेको थियो । १५६ रनको लक्ष्य रक्षा गर्ने क्रममा सुदूरपश्चिमले निकै धारिलो बलिङ प्रदर्शन गरेको थियो । खेलमा विराटनगर १४.१ ओभरमै ७८ रनमा समेटिँदा सुदूरपश्चिम ब्याक टु ब्याक फाइनलमा पुग्यो ।

सुदूरपश्चिमका बलरले विराटनगरका यी ब्याट्सम्यानहरूलाई धरापमा राख्दै लक्ष्यभन्दा धेरै अगाडि रोक्न सफल भए। विराटनगरले इनिङ्सको सुरूवात नै खराब गऱ्यो । इनिङ्सको पहिलो बलमै सामलाई क्याच आउटका रूपमा विराटनगरले विकेट गुमाएको थियो। सामले खराब सट खेल्दा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीबाट सहज क्याच आउट हुन पुगे।

पहिलो ओभरको समाप्तिमा विराटनगर २-३ को नाजुक अवस्थामा रह्यो । ११ ओभरमा नरेन भट्टलाई हर्मित सिंहले कुलेजिनबाट क्याच समाप्त लगाए । विराटनगर ३-३ को दयनीय अवस्थामा पुगेको थियो । पहिलो सात बलको अन्तरमा तीन विकेट गुमाएकै कारण विराटनगर खेलमा फर्कन सकेन ।

सुदूरपश्चिमका बलरले प्रत्येक ओभरमा कसिलो बलिङ गरिरहँदा विराटनगरमा अनुबन्ध दक्षिण अफ्रिकाका पूर्वकप्तान डु प्लेसिसले आफ्नो विकेट बचाइरहेका थिए ।

डु प्लेसिसले बसिर अहमदसँग चौथो विकेटका लागि सर्वाधिक ३९ रनको साझेदारी गरेका थिए । विराटनगरको ब्याटिङमा यही साझेदारी सर्वाधिक रह्यो । बसिरले १८ बलमा १२ रन जोडे । विराटनगरले अन्तिम ६ विकेट केवल ३६ रनको अन्तरमा गुमाएको थियो । दक्षिण अफ्रिकी खेलाडीले २९ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै ३६ रनको योगदान दिएका थिए । बलिङमा स्कट कुलेजिनले तीन ओभरमा नौ रन खर्चेर दुई विकेट हात पारे । हर्मित र अभिनाश बोहराले समान दुई विकेट लिए ।

वर्ल्ड बक्सिङमा चन्द्रको पदक पक्का

नेपाली बक्सर चन्द्रबहादुर थापाले वर्ल्ड बक्सिङ च्याम्पियनसिपबाट ऐतिहासिक सफलता दिलाउने भएका छन् । युएईमा भइरहेको आईबीए मेन्स वर्ल्ड बक्सिङ च्याम्पियनसिपको आफ्नो तौल समूहमा चन्द्रबहादुर सेमिफाइनलमा पुगेका छन् । सेमिफाइनल पुगेसँगै उनी कम्तीमा कांस्यको हकदार भएका छन् । बक्सिङको वर्ल्ड च्याम्पियनसिपमा नेपालले जित्न लागेको यो पहिलो ऐतिहासिक पदक हुनेछ ।

५४ केजी तौल समूहका चन्द्रले इरानी बक्सर मेहदी काजेमीलाई युनानिमस डिसिजनका आधारमा ५:० ले पराजित गर्दै अन्तर्राष्ट्रिय बक्सिङ एरिनामा नेपालको उपस्थितिलाई गर्विलो बनाएका थिए । यसअघि इन्डोनेसिया र आर्मेनियाका बक्सरलाई पराजित गर्दै उनले क्वाटरफाइनलमा स्थान बनाएका हुन् । कांस्य पदक पक्कावापत उनले कम्तीमा ७५ हजार अमेरिकी डलर पुरस्कार सुनिश्चित गरेका छन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा यो व्यक्तिगत इभेन्टमा नेपाली खेलाडीले जित्ने ठूलो पुरस्कार राशि पनि हो ।

उनी सेमिफाइनलमा काजकिस्तानका खेलाडीसँग भिड्ने छन् । जित पाएको खण्डमा फाइनल पुग्दै चन्द्र १ लाख ५० हजार अमेरिकी डलर पुरस्कारको हकदार बन्नेछन् । यो नेपाली बक्सिङ इतिहासकै ठूलो सफलतासँगै पुरस्कार राशि हुनेछ ।

मिसन २०२६ को क्याम्पमा रहेका चन्द्रबहादुरले घरेलु प्रतियोगिता नेपाल पुलिस क्लबबाट खेल्छन् । रोल्पाका उनले दाङको अल्फा बक्सिङ क्लबबाट २०७४ सालमा बक्सिङ करिअर सुरू गरेका थिए । सातौं र आठौं राष्ट्रिय खेलकुदमा तेस्रो भएका चन्द्रले नवौं राष्ट्रियमा स्वर्ण जितेका थिए । आधा दर्जन अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव रहेका उनको ठूलो सफलता वर्ल्ड च्याम्पियनसिप नै हो ।

क्वाटरफाइनल जितेपछि उनले कान्तिपुरसँग भने, 'एकदमै उत्साही छु, ठूलो सपना पूरा भएको छ । वर्ल्ड च्याम्पियनसिपमा पदक जित्नु मेरा लागि एउटा सपना थियो ।' उनले अब एसियन, ओलम्पिक गेम्समा पदक जित्ने लक्ष्य रहेको सुनाए । उनका प्रशिक्षक रहेका दीपक महर्जनले चन्द्रले आफ्नो पनि सपना पूरा गरिदिएको सुनाए । आईबीए थ्रीस्टार प्रशिक्षक महर्जनले भने, 'खेलाडी रहँदा मेरो पनि वर्ल्ड च्याम्पियनसिपमा पदक जित्ने सपना थियो । त्यो पूरा हुन सकेन । एसियाडमा मात्र पदक जित्न सकें । अहिले मेरो खेलाडीले पूरा गरिदिएको छ । म पनि एकदमै खुसी छु । नेपाली बक्सिङले ठूलो उचाइ पाएको छ ।'

त्यस्तै ४८ केजी तौलका लालबहादुर उप्रेती भने क्वाटरफाइनलमा पराजित भएका छन् । प्रभावशाली प्रदर्शन गरेका उनी काजकिस्तानका तेमिरतास जुसुपोभासँग ५:० ले पराजित भए । उनी इथियोपिया र माल्दोभाका बक्सरलाई हराएर क्वाटरफाइनल पुगेका थिए । उनले १० हजार डलर पुरस्कार पाएको प्रशिक्षक महर्जनले बताए । प्रतियोगितामा नेपालका ५ बक्सरले भाग लिएका थिए ।

कर्पोरेट

● नबिल बैंकले १२.५२ प्रतिशत लाभांश दिने

नबिल बैंक लिमिटेडले यसपटक १२.५० प्रतिशत लाभांश वितरण गर्ने भएको छ । बैंकको शुक्रबार बसेको सञ्चालक समितिको बैठकले गत आवसम्म वितरणयोग्य मुनाफाबाट करसहित १२.५० नगद लाभांश दिने निर्णय गरेको हो ।

प्रस्तावित लाभांश बैंकको आगामी वार्षिक साधारणसभाले पास गरेपछि वितरण गरिने कम्पनीसचिव भीष्म नेउपानेले जानकारी दिए ।

● सिद्धार्थ बैंकको 'भर्चुअल क्रेडिट कार्ड' सार्वजनिक

सिद्धार्थ बैंक लिमिटेडले भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको छ । बैंकले 'सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग'का अवरमा आयोजित अनग्राउन्ड कार्यक्रममा उक्त कार्ड सार्वजनिक गरेको हो । विद्युतीय सेवालाई थप सुदृढ र पहुँचयोग्य बनाउन फोनपेसँगको साझेदारीमा सो कार्ड ल्याइएको बैंकले जनाएको छ । यससँगै ग्राहकले भौतिक कार्डविना नै १८ लाखभन्दा बढी 'फोनपे क्युआर' व्यापारीहरूमा छिटो, सुरक्षित र सम्पर्करहित भुक्तानी गर्न सक्नेछन् । डिजिटल रूपमा सक्रिय ग्राहकको आवश्यकतालाई ध्यानमा राखी तयार पारिएको यस कार्डले तुरुन्त सक्रियता एवं नियन्त्रण तथा उच्च सुरक्षा प्रदान गर्ने बैंकले जनाएको छ । ग्राहकले 'बैंक स्मार्ट एक्सपी' मोबाइल बैंकिङ एपमार्फत तत्काल आवेदन दिन, कार्ड प्राप्त गर्न र सक्रिय गर्न सक्नेछन् । साथै, एपमार्फत सीमा व्यवस्थापन, कार्डलक तथा अनलक, स्टेटमेन्ट जाँच, भुक्तानी र अन्य व्यवस्थापन कार्य पनि सजिलै गर्न सक्ने बताइएको छ ।

यसै अवसरमा भर्चुअल कार्डमार्फत गरिने प्रत्येक कारोबारमा ५० प्रतिशत वा अधिकतम सात सय ५० रूपैयाँसम्म क्यासब्याक प्राप्त गर्न सकिने बैंकले जनाएको छ । यो अफर सीमित आगामी ७ जनवरीसम्म लागू हुनेछ ।

● सानिमा बैंकले मनायो २१औँ वार्षिकोत्सव

सानिमा बैंक लिमिटेडले २१औँ वार्षिकोत्सव मनाएको छ । बैंक यही २१ मंसिरदेखि स्थापनाको २१औँ वर्ष पूरा गरी २२औँ वर्षमा प्रवेश गरेको हो । दुई दशकभन्दा बढी समयदेखि आफ्ना ग्राहकलाई निरन्तर सेवा दिँदै विश्वासिलो बैंक बन्न सकेको उपलक्ष्यमा २१औँ वार्षिकोत्सव मनाएको छ ।

यसै अवसरमा बैंकले बैंकिङ यात्राभर निरन्तर सहयोग प्रदान गर्ने आफ्ना ग्राहक तथा सम्पूर्ण सरोकारवालाप्रति कृतज्ञता व्यक्त गरेको छ । आइतबार आयोजित एक कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पवनकुमार आचार्यले बैंकको लक्ष्य प्राप्त गर्न सामूहिक प्रयासका लागि सबैलाई धन्यवाद दिए ।

● एनआइसी एसियाको लकर सेवामा विशेष छुट

एनआइसी एसिया बैंकका ग्राहकले लकर सेवामा विशेष छुट पाउने भएका छन् । बैंकले ग्राहकको बहुमूल्य सामान तथा महत्वपूर्ण कागजातलाई सुरक्षितसाथ राख्ने चाहनालाई पूरा गर्न लकर सेवामा विशेष छुट सुविधा सार्वजनिक गरेको हो ।

निश्चित अवधिका लागि मात्र सार्वजनिक गरिएको यस योजनामा पहिलो वर्षको वार्षिक शुल्कमा १५ प्रतिशत छुट सुविधा हुने बताइएको छ । बैंकको लकर सुविधा लिई आफ्नो बहुमूल्य सामान तथा महत्वपूर्ण कागजातहरू ढुक्कका साथ सुरक्षित राख्न सकिने बैंकले जनाएको छ ।

बैंकले देशभरका एक सय ५० वटा बैंक शाखामा विभिन्न आकारमा लकर सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । यस छुट सुविधाबाट ग्राहकलाई लकर सेवा प्रयोग गर्न थप सहज, सरल, सहुलियत प्राप्त हुनेछ ।

● 'नबिल एसएसई' सञ्चालनका लागि त्रिविसँग नवीकरण सम्झौता

नबिल बैंक लिमिटेड र त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकायबिच 'नबिल एसएसई' कार्यक्रम सञ्चालनका लागि नवीकरण सम्झौता भएको छ । सम्झौतामा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र त्रिवि व्यवस्थापन संकायका डिन प्राडा महानन्द चालिसेले हस्ताक्षर गरेका हुन् । यस सम्झौतापछि त्रिविसँगको यस कार्यक्रम सन् २०२८ सम्म निरन्तर रूपमा सञ्चालन हुनेछ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकभर सामाजिक उद्यमशीलताको प्रवर्द्धन र सशक्तीकरण गर्ने उद्देश्यले विगत चार वर्षदेखि नबिल एसएसई कार्यक्रम सञ्चालन गर्दै आएको छ । सम्झौता नवीकरणले दुवै संस्थाबिचको सहकार्यलाई अझ मजबुत बनाउँदै सामाजिक उद्यमशीलता प्रवर्द्धनमा ठुलो सहयोग पुगेको सिइओ ज्ञवालीले जानकारी दिए ।

नबिल एसएसईले समाजमा पारेको सकारात्मक प्रभाव निकै महत्वपूर्ण रहेको बताउँदै उनले भने, 'नबिल बैंक सधैँ स्थानीय अर्थतन्त्रमा मूल्य थप्ने, समुदायमा सकारात्मक परिवर्तन ल्याउने, र विद्यार्थी तथा उद्यमीलाई आफ्नो क्षमता विस्तार गर्न सहयोग गर्ने पहलमा साथ दिँदै आएको छ र यस कार्यक्रमलाई निरन्तर अगाडि बढाउनेछौँ ।'

त्यसैगरी, डिन प्राडा चालिसेले त्रिविको व्यवस्थापन संकाय पाठ्यक्रमलाई सान्दर्भिक र प्रयोगात्मक शिक्षातर्फ रूपान्तरण गर्दै उद्यमशीलता विकास गर्ने दिशामा अघि बढेको बताए । सामाजिक उद्यमशीलता विकासलाई सुदृढ गर्ने उद्देश्यले बैंकले नबिल एसएसई कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

● कामना सेवा विकास बैंक र क्याफेओफिलियाबिच छुट सम्झौता

कामना सेवा विकास बैंक र काठमाडौं, ज्ञानेश्वरस्थित क्याफेओफिलियाबिच सेवा शुल्क छुटसम्बन्धी सम्झौता भएको छ । छुटसम्बन्धी सम्झौतामा बैंकका तर्फबाट मार्केटिङ प्रमुख पर्मा ढुंगेल र क्याफेका फ्रेन्चाइज ओनर सदीक्षा श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

सम्झौताअन्तर्गत बैंकका कर्मचारी र ग्राहकले फुड तथा बेभरेजमा १० प्रतिशत छुट प्राप्त गर्न सक्ने बताइएको छ । बैंकका ग्राहकले बैंकसँगको आबद्धता भएको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सक्नेछन् । यस सम्झौताबाट बैंकसँग आबद्ध सम्पूर्ण महानुभावले विशेष लाभ लिने बैंकले विश्वास लिएको छ ।

● सिद्धार्थ बैंकका ग्राहकलाई चम्पादेवी हिलसाइड रिसोर्टमा छुट

सिद्धार्थ बैंक र चम्पादेवी हिलसाइड रिसोर्ट प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेबारे सम्झौता भएको छ । सम्झौताअनुसार दक्षिणकाली, काठमाडौंस्थित उक्त रिसोर्टमा बैंकका ग्राहकले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

साथै, सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग दोस्रो संस्करणका टिकट होल्डर्सलाई एनपिएल अवधिभर २० प्रतिशतसम्मको छुट उपलब्ध गराइएको बैंकले जनाएको छ । सम्झौताले ग्राहकलाई एकातिर छुटका साथै अर्कातिर नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

● सिटिजन लाइफको सिइओमा दोहोरिए पौडेल

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा पुनः पोषकराज पौडेल नियुक्त गर्ने निर्णय गरेको छ । शुक्रबारको सञ्चालक समिति बैठकले हाल कम्पनीको सिइओ रहेका पौडेललाई आगामी ३० पुसदेखि लागू हुने गरी पुनः सोही पदमा नियुक्त गर्ने निर्णय गरेको छ ।उनको कार्यकाल चार वर्षको हुने कम्पनीले जनाएको छ ।

● 'एनएमबि इन्स्टा बाई'मार्फत क्रेडिट कार्ड सेवामा थप सुविधा

एनएमबि बैंकले क्रेडिट कार्ड सेवालाई अझ डिजिटल र सहज बनाउन 'एनएमबि इन्स्टा बाई' सुविधा सार्वजनिक गरेको छ ।

यो सुविधामार्फत क्रेडिट कार्डवाहकहरूले अब पाँच हजार रूपैयाँभन्दा माथिको कुनै पनि खरिदलाई ६ देखि १२ महिनासम्मको किस्ताबन्दी (इएमआई)मा रूपान्तरण गर्न सक्नेछन्। यो प्रक्रियामा ग्राहकले आफ्नो खरिद बिल र पिओएस स्लिप १० दिनभित्र इएनएमबि एप वा बैंकको वेबसाइटमार्फत इन्स्टा बाई पोर्टलमा अपलोड गर्न सक्छन् । न्यूनतम शुल्क तथा ब्याजदर, अग्रिम भुक्तानीमा कुनै जरिवाना नलाग्ने व्यवस्था र शाखा धाउन नपर्ने सुविधासहित 'इन्स्टा बाई'मार्फत स्वास्थ्य परीक्षण, यात्रा, जीवनशैली वा चाडपर्वलगायतमा हुने खर्च सहज रूपमा व्यवस्थापन गर्न सकिने बैंकले जनाएको छ ।

● सिद्धार्थ बैंकका ग्राहकलाई चम्पादेवी हिलसाइड रिसोर्टमा २० प्रतिशतसम्म छुट

सिद्धार्थ बैंकका ग्राहकहरूले चम्पादेवी हिलसाइड रिसोर्टमा २० प्रतिशतसम्मको छुट पाउने भएका छन्। सिद्धार्थ बैंक र चम्पादेवी हिलसाइड रिसोर्ट प्रालिबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सोमबार सम्झौता भएको हो।

सम्झौताअनुसार दक्षिणकाली, काठमाडौंस्थित चम्पादेवी हिलसाइड रिसोर्टमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने छन्।

साथै, एसबिएलएनपिएल टिकट होल्डर्सहरूका लागि चम्पादेवी हिलसाइड रिसोर्टसँगको सहकार्यअन्तर्गत एसबिएलएनपिएल सिजन-२ सम्म लागू हुने विशेष छुट अफर उपलब्ध गराइएको छ । जसअन्तर्गत एसबिएलएनपिएल टिकट होल्डर्सहरूले टिकट देखाई भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

● महालक्ष्मी विकास बैंक अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित

महालक्ष्मी विकास बैंक लिमिटेड अन्तर्राष्ट्रिय अवार्डबाड सम्मानित भएको छ । 'बैंकिङ नवप्रवर्तन तथा ग्राहक सन्तुष्टिमा उत्कृष्ट' विधाअन्तर्गत बैंक अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित भएको हो । ७ डिसेम्बर २०२५ मा भारतको नयाँदिल्लीमा आयोजित एक कार्यक्रमबिच इन्डियन बिजनेस अवार्ड कार्यक्रममा बैंकलाई उक्त अन्तर्राष्ट्रिय अवार्ड प्रदान गरिएको हो । बैंकका तर्फबाट वरिष्ठ अधिकृतहरूले उक्त सम्मान ग्रहण गरेका छन् ।

बैंकले आफ्नो ब्रान्ड प्रतिष्ठा सुधार गर्न, ग्राहक विश्वास बढाउन, बैंकिङ सेवामा नवप्रवर्तनका काम गर्न, उत्कृष्ट नेतृत्व तथा वृत्ति विकासका सुधारमा बैंकले गरेको उत्कृष्ट कार्यबापत बैंकले सो अवार्ड प्रदान गरिएको हो । दुई देशबिच सीमापार वित्तीय सेवा प्रवर्द्धन तथा भारतबाट नेपालमा भुक्तानीसम्बन्धी कार्य गर्दै आएको बैंकले यो अवार्डले नेपाल-भारतबिचको बैंकिङ सम्बन्धलाई थप बलियो बनाउने बताइएको छ । साथै, सीमापार व्यापार र रेमिट्यान्स अभिवृद्धि गर्नसमेत सहयोग पुऱ्याउने विश्वास बैंकले लिएको छ ।

● नेपाल बैंक र क्युरा हेल्थबिच सहकार्य

नेपाल बैंक र ललितपुरको ज्वागलमा रहेको क्युरा हेल्थ प्रालिले ग्राहकलाई छुट दिनेबारे सहकार्य गरेका छन् । सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र क्युरा हेल्थका प्रबन्धक शीतलप्रसाद पोखरेलले हस्ताक्षर गरेका छन् । सम्झौता भएअनुसार यस बैंकमा कार्यरत कर्मचारी तथा खातावालले क्युरा हेल्थमा प्याथोलोजी ल्याबको विविध सेवा निःशुल्क पाउनेछन् । साथै, विभिन्न हेल्थ प्याकेजमा लाग्ने शुल्कमा १२ प्रतिशतदेखि २५ प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको बैंकले जनाएको छ । यसबाट बैंकमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहक ल्याबबाट प्रदान गरिने सहुलियतपूर्ण स्वास्थ्य सेवाबाट लाभान्वित हुन सक्नेछन् ।

● एनसेलले सुरु गऱ्यो ९७१ रेन्जको नम्बर वितरण

एनसेलले नयाँ नम्बर रेन्ज ९७१ बाट सुरू हुने मोबाइल नम्बर वितरण गर्न सुरू गरेको छ । यसअघि ९८०, ९८१, ९८२, ९७० रेन्जका नम्बर जारी भए पनि ती नम्बर पर्याप्त नभएपछि कम्पनीले सेवाग्राहीका लागि नयाँ नम्बर रेन्च सुरू गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठमा एनसेललाई रेन्जको नम्बर वितरण गर्न अनुमति दिएको थियो । नयाँ नम्बर रेन्ज प्राधिकरणको राष्ट्रिय नम्बरिङ वितरण योजना (नेसनल नम्बरिङ अलोकेसन प्लान)को नियमअनुरूप जारी भएको बताइएको छ ।

'साधारण सञ्चार सेवाबाहेक डिजिटल कारोबार र विभिन्न सेवा मोबाइलमार्फत नै लिने क्रम बढिरहेको नयाँ नम्बरले उपभोक्ताका साथै सेवाप्रदायकलाई समेत लाभ प्रदान गर्नेछ,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपङ दत्तले भने । नयाँ नम्बर वितरणसँगै एनसेलले सरकारी तथा गैरसरकारी संस्था, सेवाप्रदायक कम्पनी, कार्यालय, बैंक तथा वित्तीय संस्थालाई नम्बर इन्टिग्रेट गर्न बाँकी रहेको भए चाँडै गर्ने अनुरोध पनि गरेको छ ।

● विराटनगरका नोबेल र न्युरो अस्पतालबिच सहकार्य

न्युरो र नोबेल शिक्षण अस्पततालले उपचार सेवामा सहकार्य गर्ने भएका छन् । न्युरो कार्डियो एन्ड मल्टिस्पेसियालिटी हस्पिटल तथा नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले उपचार सेवा प्रभावकारी बनाउन आपसमा सहकार्य गर्ने भएका हुन् । 'स्वास्थोपचार जटिल प्रकिया भएकाले आपसमा प्रतिस्पर्धा होइन, सहकार्यले मात्र उत्कृष्ट नतिजा दिन सकिन्छ भन्ने विश्वाससहित विराटनगरकै दुई निजी अस्पतालले सहकार्य गर्ने निर्णय गरेर नयाँ सन्देश दिन खोजेका हौं,' न्युरो अस्पतालका अध्यक्ष डा. वीरेन्द्रकुमार विष्टले भने ।

दुवै अस्पतालबिचको सहमतिअनुसार क्यान्सरका बिरामीले उचित तथा समयमा उपचार पाउने कुरा सुनिश्चित गर्ने, दुवै अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ स्टाफ तथा अन्य कर्मचारीका लागि सिप विकास तालिम गर्ने, संयुक्त रूपमा नियमित मेडिकल शिक्षा कार्यशाला र अभिमुखीकरण आयोजना गर्ने बताइएको छ । त्यस्तै, उपचारार्थ बिरामीलाई क्यान्सरसम्बन्धी परामर्श तथा उपचार चाहिएमा नोबेल अस्पतालसँग समन्वय गर्ने र नोबेलले उपचार खर्चमा छुट सम्झौता भएको छ ।

निजी क्षेत्रबाट सञ्चालित कोशीको न्युरो अस्पतालले आफ्नो रजत जयन्ती विभिन्न कार्यक्रम गरी मनाउने भएको छ । यस अवसरमा विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर, सचेतनाका कार्यक्रम सञ्चालन गरिने बताइएको छ । यसैगरी, न्युरो अस्पताल विराटनगरले भारतको फरिदाबादस्थित अमृता अस्पतालसँग पनि सहकार्य गर्ने सम्झौता गरेको छ । न्युरोले अमृता अस्पतालका चिकित्सकको सहयोगमा शनिबार विराटनगरमा स्वास्थ्य कार्यशालासमेत सम्पन्न गरेको छ ।।

● महिनामै चारपटक बढ्यो अन्डाको भाउ, क्रेटको ६ सय पुग्यो

अन्डाको भाउ प्रतिक्रेट (३० वटा) ६ सय रूपैयाँ पुगेको छ । लेयर्स कुखुरापालक संघको सोमबार बसेको बैठकले मंगलबारदेखि लागू हुने गरी ठुलो अन्डा प्रतिक्रेट पाँच सय ६५ रूपैयाँ तोकेको छ । उक्त मूल्य चितवनको अन्डा उत्पादक किसानलाई लक्षित गरी निर्धारण गरिएको हो ।

सो भाउ निर्धारण गर्दा नै संघले चितवनबाट लोड भई देशभरको अन्डा बिक्री डिपोमा पुऱ्याउँदाको ढुवानी भाडा, कार्टुन, क्रेटसहित प्रतिपेटी एक सय ३० रूपैयाँ थप लागत जोड्न पाउने जनाएको छ । एक पेटीमा सात क्रेट हुन्छ । त्यसैले ढुवानी, कार्टुन र क्रेट खर्चबापत प्रतिक्रेट १८५७ रूपैयाँ थप खर्च लाग्नेछ । यद्यपि, उक्त खर्चबापत सरदर २० रूपैयाँ जोड्ने गरिन्छ । किसानले पाउने प्रतिक्रेट पाँच सय ६५ रूपैयाँ र ढुवानी खर्चबापत प्रतिक्रेट २० रूपैयाँ जोड्दा लागत पाँच सय ८५ रूपैयाँ पुगेको छ । उक्त लागत परेको अन्डाको बजारभाउ काठमाडौंको बजारमा प्रतिक्रेट ६ सय रूपैयाँसम्म पर्ने हुन्छ ।

कुखुरापालक संघ अध्यक्ष पोखरेलले जाडोको मौसममा अन्डाको खपत बढेको, तर उत्पादनमा खासै वृद्धि नभएकाले मूल्यमा चाप परेको बताए । 'जाडो मौसम भएकाले अन्डाको खपत उच्च छ, तर उत्पादनमा सुधार हुन सकेको छैन,' उनले भने । हाल दैनिक ३५-३६ लाख गोटा अन्डा उत्पादन भइरहेको उनले बताए । तर, माग भने ४० लाखदेखि ४२ लाख गोटा रहेको छ ।

मंसिर लागेदेखि चारपटक अन्डाको भाउ बढिसकेको छ । संघले २ मंसिरमा ठुलो अन्डाको भाउ प्रतिक्रेट चार सय ५० रूपैयाँ तोकेको थियो । लगत्तै ६ मंसिरमा बैठक बसेर पाँच सय पाँच रूपैयाँ पुऱ्याइएको थियो । त्यतिखेर एकैपटक प्रतिक्रेट ५५ रूपैयाँ मूल्य बढाइएको थियो । १२ मंसिरमा प्रतिक्रेट ४० रूपैयाँ बढाएर पाँच सय ४५ रूपैयाँ निर्धारण गरिएको छ । सोमबार पुनः मूल्यवृद्धिको निर्णय हुँदा प्रतिक्रेट पाँच सय ६५ रूपैयाँ पुगेको छ ।

आफू...

र संरक्षक भनि स्वीकार गरेको छ । त्यही कारणले गर्दा राष्ट्रपतिलाई संस्थाको रूपमा स्वीकार गरिएको हुनाले राष्ट्रपतिले संविधानको पालना र संरक्षण गर्नुपर्नेमा उल्टो संविधानको उल्लंघन गर्दै प्रधानमन्त्री नियुक्त गर्नु र संसद विघटन गर्नु दुवै असम्वैधानिक कार्य हो । संसद विघटन हुनु कि आफ्नो कार्यकाल समाप्त हुनुपर्दछ कि सांसद आफैंले विघटन गर्ने निर्णय गरी राष्ट्रपतिकहाँ पठाएपछि मात्र राष्ट्रपतिले संसद विघटन गर्न सक्छन् । यी दुवै कार्य नभएकाले अहिले मुलुकमा टिके सरकारले राज्य सञ्चालन गरिरहेकोले यो असम्वैधानिक कार्य हो ।

सुशिला कार्कीलाई भाद्र २७ गते मध्येरातमा प्रधानमन्त्रीमा नियुक्त गर्दै २ वटा मुख्य जिम्मेवारी दिएको थियो । त्यसमा आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने र निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने, अर्को भनेको मुलुकमा शान्ति सुरक्षा बहाली गरी राज्य सञ्चालन गर्ने यी दुवै कार्यमा कार्की सरकार असक्षम सावित भएको छ । छोटो समयको लागि कार्की सरकार रहेको भएपनि यो सरकारले मुलुकलाई दुरगामी असर पर्ने निर्णयहरू गरिरहेको छ । अघिल्लो निर्वाचित सरकारले गरेका केही निर्णयहरू उल्टउँदै राजदूतहरूलाई फिर्ता बालाउने भूमि सम्बन्धी आयोग विघटन गर्ने अघिल्लो सरकारले नियुक्त गरेका पदाधिकारीहरूलाई जबरजस्ती हटाउने वा सरूवा गर्ने गरेको छ । त्यसका विरूद्ध सर्बोच्च अदालतमा मुद्दा परेकाले सर्बोच्चले कार्की सरकारले गरेका निर्णयहरू कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको भएपनि त्यही सर्बोच्च अदालतकै पूर्व प्रधानन्यायाधिश रहेकी प्रधानमन्त्री कार्कीले सर्बोच्चको आदेश विपरितका कार्यहरू गरिरहेकी छन् । सर्बोच्चले केही व्यक्तिहरूलाई सरूवा गर्दा प्रतिशोध लिएको र पूर्वाग्रह राखेको भन्दै सरूवा गरिएको निर्णय बदर गर्दै मन्त्रीले नै त्यसरी प्रतिशोध लिएको र पूर्वाग्राह राखेको जनाएको छ ।

सरकारले फागुन २१ गते निर्वाचन गर्ने डंक पिटिरहेको भएपनि अहिलेकै अवस्थामा निर्वाचन हुन सक्ने अवस्था देखिएको छैन । राजनीतिक दलका नेताहरूको अनुहारसम्म हेर्न मन छैन भन्दै प्रधानमन्त्री कार्कीले आजसम्ममा मुख्य दलका नेताहरूसँग सामान्य छलफल समेत गर्न सकेकी छैनन् भने जसको जगमा उनी प्रधानमन्त्री बनिन् उनीहरूले उनको राजिनामा माग गरिरहेका छन् ।

भाद्र २४ गते भएको विध्वंशासत्मक कार्यमा संलग्न भएका व्यक्तिहरूलाई प्रहरीले प्रमाण सहित पक्राउ गरेर मुद्दा चलाउनुपर्ने राय दिएकामा उनीहरूलाई रिहा गरिएको छ भने आन्दोलनको क्रममा प्रहरीले गोली चलाएकोमा त्यसको जिम्मेवारी तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकले लिनुपर्ने भन्दै उनीहरूलाई पक्राउ गर्न अनेक तानावाना बुनिरहेको छ । मुख्य दलका नेताहरूलाई नै पक्राउ गरेर कसरी निर्वान हुन सक्छ ? प्रहरीले गोली चलाउनुपर्ने अवस्थामा गोली चलाउन सक्छ । गोली चलाउने, कफ्र्यु लगाउने आदेश दिने अधिकार स्थानीय प्रशासन (सिडियो)लाई मात्र हुन्छ प्रधानमन्त्रीको आदेश र गृहमन्त्रीको आदेशले गोली चल्न सक्दैन ।

कार्की सरकारका गृहमन्त्री र स्वयम् प्रधानमन्त्री कार्की समेत भाद्र २३ गते बानेश्वर पुगेर विरोध प्रदर्शनलाई उग्र बनाउन लागि परेको र त्यही रात २४ गते समेत उनीहरूले एक विदेश नियोगको कार्यालयमा बसेर अनेक प्रकारको षड्यन्त्रहरू गरेका हुनाले प्रधानमन्त्री कार्की सहित गृहमन्त्री अर्यालमाथि समेत छानविन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्दछ उनीहरू संलग्न रहेको भिडियोको बारेमा प्रधानमन्त्री कार्कीको भनाई के ? यस विषयमा प्रधानमन्त्री र गृहमन्त्रीले तत्काल जनतालाई जवाफ दिनुपर्दछ ।

कुलमान..

त्यही शैलीमा शाक्यलाई हटाएका थिए । मन्त्री घिसिङकै प्रस्तावमा र सरकारको निर्णयलाई प्रतिशोध र स्वच्छाचारी भन्दै सर्बोच्च अदालतले कार्की सरकारको निर्णयलाई उल्टाईदिएको छ ।

सर्बोच्च अदालतका न्यायाधिशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले शाक्यलाई निर्देशक हटाउने सरकारको निर्णय कानुन विपरित ठहर गरेको छ । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक वा महाप्रबन्धकलाई हटाउनु पर्दा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक वा महाप्रबन्धक सेवा सर्त तथा सुविधा सम्बन्धी नियमावली २०६१ वा निजसँग गरिएको कार्य सम्पादन सम्झौता उल्लेखित प्रक्रिया र आधारमा हटाउन सकिनेमा सो बमोजिम कुनै पनि प्रक्रिया अवलम्बन नगरी उक्त पदबाट हटाइएको देखियो भनिएको छ । निजलाई सो पदबाट हटाउने विपक्षी विभागीय मन्त्रीको प्रस्ताव नै पूर्वाग्राही र प्रतिशोध देखियो, अदालतको आदेशमा भनिएको छ ।

शाक्यले आफ्नो पद प्राधिकरणमै हुनुपर्ने माग गर्दै २१ कार्तिकमा सर्बोच्चमा रिट दायर गरेका थिए । सर्बोच्चले प्राधिकरणको कार्यकारी निर्देशक विवादसम्बन्धी २०७८ सालदेखिको मुद्दालाई साथै राखेर सुनुवाई गर्दै मंसिर २२ गते सोमबार फैसला सुनाएको हो । कार्की सरकारले यसअघि गरेका दुई निर्णयकहरू समेत सर्बोच्चले बदर गरेको छ, राजदूत फिर्ता बोलाउने र भूमि आयोग खारेज गर्ने । मन्त्री घिसिङ आफूलाई प्रधानमन्त्रीको दाबेदार ठानीरहेको बेला उनैको निर्णयहरू अदालतद्वारा बदर हुनु र अदालतले सरकारले प्रतिशोध साँधेर गरिएको निर्णय उल्टाइदिनुले कार्की सरकारले प्रतिशोध र पूर्वाग्रह राखेको प्रष्ट हुन्छ ।

संविधानको...

सकिरहेका छैनन् वा चाहेकी छैनन् । प्रधानमन्त्री कार्कीले ठुला दलका प्रमुख नेताहरूको अनुहारसम्म आफूलाई हेर्न मन नपरेको बताएर निर्वाचनको वातावरण नै धमिल्याईदिएकी छन् । यसको एउटै काराण हो नेपाली कांग्रेस, नेकपा एमालेले प्रधानमन्त्री कार्कीको नियुक्ति र संसद विघटनलाई असम्वैधानिक ठहर गरेपछि उनी आत्रोशित भएकी हुन् । नेपालको संविधान अनुसार प्रधानमन्त्री कार्कीलाई संविधानले चिन्दैन ।

संविधान अनुसार प्रतिनिधिसभाको सदस्य नभएका व्यक्ति प्रधानमन्त्रीमा नियुक्त हुन सक्दैन । राष्ट्रिय सभाको सदस्य समेत प्रधानमन्त्रीमा नियुक्त हुन सक्दैनन् भने प्रतिनिधिसभाको सदस्य नै नभएको व्यक्ति कसरी प्रधानमन्त्रीमा नियुक्त हुन सक्छ ? अहिले महत्वपूर्ण प्रश्न भनेको यहि हो । प्रतिनिधिसभा आफ्ना पाँच वर्षे कार्यकाल पूरा गरेर मात्र विघटन हुन सक्छ वा प्रतिनिधिसभाका सदस्यहरूले मात्र प्रतिनिधिसभाको विघटन गर्न सक्छन् ।

सविधान अनुसार राष्ट्रपतिलाई समेत प्रतिनिधिसभा विघन गर्ने अधिकार संविधानले दिएको छैन । प्रतिनिधिसभाले संसद विघटन गर्ने निर्णय गरेर राष्ट्रपतिलाई अनुरोध गर्ने पत्र पठाएपछि मात्र राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्न सक्छन् । तर, सुशिला कार्कीलाई भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्ति गरेर उनैको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्नु भनेको संविधानको पालक र संरक्षक रहेकै व्यक्तिले संविधानको उल्लंघन गर्नु नै हो । राष्ट्रपति भनेको व्यक्तिमात्र नभएर एउटा सम्वैधानिक संस्था भएकाले सम्वैधानिक संस्थाले नै संविधान उल्लंघन गर्नुले के नेपाली जनता अहिलेको संविधान पालना गर्न बाध्य छन् त भन्ने प्रश्न समेत उठेको छ । जो संविधानको पालक र संरक्षक हुन् उनले संविधान मान्नु नपर्ने तर जनताले मान्नु किन पर्ने ?

कांग्रेस पनि...

असम्वैधानिक ठहर गरेको छ । कांग्रेसले मंसिर २१ गते विघटित प्रतिनिधिसभाका तर्फबाट कांग्रेसका प्रमुख सचेतक रहेका श्याम घिमिरे सहित ७ जनाको तर्फबाट रिट निवेदन सर्बोच्च अदालतमा पेश गरेका छन् । यसरी विघटित प्रतिनिधिसभाका पहिलो र दोस्रो ठुला दलले अलग अलग रिट निवेदन सर्बोच्च अदालतमा पेश गरेका छन् ।

संविधानले सर्बोच्च अदालतका पूर्व प्रधानन्यायाधिश र न्यायाधिलाई राष्ट्रिय मानव अधिकार बाहेक अन्य कहिँ कतै पनि नियुक्तिका लागि अयोग्य ठहर गरेको छ । तर सुशिला कार्कीलाई संविधानको पालक र संरक्षक रहेकै व्यक्ति राष्ट्रपतिबाट असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त गरिनु र उनैको सिफारिसमा संसद विघटन गरिनु संविधानको ठाडो उल्लंघन मात्र नभएर राष्ट्रपति भनेको एउटा संस्था समेत भएकाले त्यही संस्थाले संविधानको उल्लंघन गर्नु किमार्थ उचित मान्न सकिँदैन । अब सर्बोच्च अदालतले नै राष्ट्रपतिबाट भएका असम्वैधानकि कार्य सच्चाउनुपर्ने आवश्यकता देखिन्छ ।

जेनजीहरूका...

रहेकाले गर्दा कुन समूह बैधानिक रूपमा जेनजीहरू हो भने समेत सरकारले थाहा पाउन सकेको छैन । जेनजीहरूले अहिले प्रधानमन्त्री कार्कीको राजिनामा मागिरहनुले प्रष्ट हुन्छ । जेनजीहरूलाई प्रयोग गरियो भनेर ।

जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरू नै अहिले आफुहरूलाई जेनजीका नेता हौं भनिरहेका छन् भने सरकारले समेत उनीहरूकै कुरा सुनिरहेको छ। राष्ट्रिय सम्पत्ति ध्वस्त बनाउने र सरकारी भवन र राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूका निजी निवास खोजी खोजी आगजनी गर्नेहरूलाई कानुनी कारबाही हुनैपर्दछ । उनीहरू चाहे जेनजी हुन् चाहे घुसपैठ गरका व्यक्तिहरू नै किन नहुन् ? के जेनजीहरूको नाममा जे गर्न पनि छुट हुन्छ त ? यसको जवाफ प्रधानमन्त्री कार्की र उनको सरकारले जनतालाई दिनैपर्दछ । जनताले तिरेको करबाट निर्माण गरिदिएको सरकारी भवनहरू जेनजीहरूको नाममा आगजनी गर्ने तोडफोड गर्ने नेताहरूमाथि कुटपिट गर्ने नेताहरूको घर जलाने बैक लुट्ने, प्रहरीको हत्या गर्ने, प्रहरी कार्यालय जलाउने, प्रहरीका हतियार, गोलीगठ्ठा लुट्ने र व्यवसायिक भवनहरू आगजनी गर्ने र लुटपाट, चोरी गर्नेहरू जेनजी हुन सक्दैन तिनीहरू अपराधिक कार्यमा सरिक हँदै आएका व्यक्तिहरू हुन सक्छन् । त्यसैले उनीहरूमाथि कानुनी कारबाही हुनुपर्दछ ।

भाद्र २४ गते जेलमा रहेका रास्वपाका सभापति रवि लामिछानेलाई छुटाउने र जेलबाट कैदीबन्दीहरू भगाउने व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्नुपर्ने र प्रहरीको हतियार लुट्नेहरूमाथि समेत कारबाही गरेको खण्डमा मात्र फागुन २१ गते निर्वाचन हुन सक्छ नत्र भने निर्वाचन हुन सक्दैन । अहिलेकै अवस्थामा सरकारले फागुन २१ गते निर्वाचन गराउछौं भन्ने डम्फु पिट्नुको कुनै अर्थ रहँदैन ।

राष्ट्रपति...

गर्नुलाई असम्वैधानिक ठहर गरी सकेका छन् भने नेकपा एमालेले त संस्थागत रूपमै सर्बोच्च अदालतमा रिट निवेदन दायर गरिसकेको र सर्वोच्च अदालतको सम्वैधानिक इजलासले कारण देखाउ आदेश समेत दिईसकेको छ ।

जेनजीहरूको बलमा र राष्ट्रपतिको आग्रहमा सुशिला कार्कीलाई प्रधानमन्त्री बनाइएको छ । संविधान त सुशिला कार्की प्रधानमन्त्री बन्न सक्ने अवस्था थिएन । संविधान अनुसार सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश र न्यायाधिशहरू मानव अधिकार आयोग बाहेक अन्य सबै नियुक्तिका लागि अयोग्य रहने व्यवस्था रहेकोमा संविधानको उल्लंघन गर्दै कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरिनु संविधानको ठाडो उल्लंघन हुनु नै हो ।

संविधानको उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरिएकी कार्कीकै सिफारिसमा जनताका समस्याहरू समाधान गर्ने जनताका प्रतिनिधिहरूको थलो संसद विघटन गरिनु संविधानको उल्लंघन मात्र नभएर जनताले निर्वाचन मार्फत मतदान गरेर संसदमा पठाएका आफ्ना प्रतिनिधिहरूको थलो विघटन गरिनु जनताको मतको अपमान र जनतालाई हेप्नु हो । कार्की सरकार जेनजीहरूको जगमा बनेको भएपनि जेनजीहरूले नै प्रधानमन्त्री कार्कीको राजिनामा मागरिहेका हुनाले कार्की सरकार कसको हो ? कुनैपनि राजनीतिक दलहरूले सरकारलाई समर्थन गरेका छैनन् भने जसको जगमा टेकेर प्रधानमन्त्री बनिन् उनीहरूले राजिनामा माग गरिरहेकाले के कार्की प्रधानमन्त्रीमा रहिरहनु मिल्छ त ? यसको जवाफ राष्ट्रपति र प्रधानमन्त्री कार्कीले जनतालाई किन दिन नपर्ने ?

प्रधानमन्त्री...

बताइरहेका छन् । एउटा व्यक्तिले मात्र वा घिसिङले मात्र मुलुकलाई लोडसेडिङ्ग मुक्त गराएका होइन सरकारको सहयोग र समर्थनले मात्र त्यो सम्भव भएको हो त्यसको जस घिसिङले मात्र मुलुकलाई लोडसेडिङ्ग मुक्त गराएका होइन, सरकारको सहयोग र समर्थनले मात्र त्यो सम्भव भएको हो । त्यसको जस घिसिङलाई मात्र जाँदैन तत्कालीन सरकारहरू समेत जसका हकदार छन् । अन्यायपूर्ण निर्णय गर्नु घिसिङको पहिले देखिकै बानी हो ।

सरकार र...

राजनीतिक दल सम्बन्धी कानुनमा पार्टी अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालसम्म मात्र रहने व्यवस्था मिलाइने उल्लेख छ ।

जनआन्दोलनका घटनाबारे निष्पक्ष छानबिन गरी गैरन्यायिक हत्या, हिंसा र मानवअधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरू पहिचान गरी फौजदारी जवाफदेहिता सुनिश्चित गर्ने सहमति पनि भएको छ ।आन्दोलनका नाममा भएका योजनाबद्ध अपराध र वास्तविक आन्दोलनबीच स्पष्ट भेद पहिचान गरी अनुसन्धान गरिनेछ । यदि आन्दोलनकारीमाथि दर्ता भएका मुद्दा छन् भने १५ दिनभित्र स्क्रिनिङ गरी निर्दोष ठहरिएकालाई थुनामुक्त गरिने र मुद्दा फिर्ता लिइने व्यवस्था छ ।

भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा निकायमा आवश्यक सुधारका उपाय तयार गर्न छुट्टै संयन्त्र गठन गरिने जनाइएको छ ।सम्झौतामा राजनीतिक तथा नीतिगत स्तरमा देखिएको भ्रष्टाचार नियन्त्रणका लागि उच्चस्तरीय छानबिन आयोग बनाइने उल्लेख छ । सार्वजनिक संस्थानहरूको दलीयकरण अन्त्य गर्दै अवैध रूपमा सञ्चालन भएका फाउन्डेशन, कोष वा ट्रस्टहरू खारेज गरी सम्पत्ति राष्ट्रियकरण गर्ने दिशा-निर्देशन पनि राखिएको छ । प्रशासनिक संरचना सुधारका लागि छुट्टै संयन्त्र गठन गरिने छ ।

सम्झौताका मुख्य बुँदाहरू:

यस विस्तृत सम्झौताले जेन-जी जनआन्दोलन (भाद्र २३-२४, २०८२) मा भएका घटना, सहिद तथा घाइतेका अधिकार, सुशासन, न्यायिक सुधार, निर्वाचन सुधार तथा संवैधानिक परिवर्तनका व्यापक विषय समेटेको छ । मुख्य बुँदाहरू यस प्रकार छन्:

१. सहिद तथा घाइते परिवारको परिपूरण :

- जनआन्दोलनमा मारिएका व्यक्तिलाई सहिद घोषणा गर्ने प्रक्रिया छिटो गर्ने ।

-सहिद तथा घाइते परिवारको दीर्घकालीन सहयोगका लागि उच्चस्तरीय कार्यदल गठन-अन्तरिम राहत, क्षतिपूर्ति, स्वास्थ्य उपचार, शिक्षा, रोजगारी, सामाजिक सुरक्षा र "स्मृति निर्माण" सुनिश्चित ।

-सहिद तथा घाइतेका मुद्दा स्थायी रूपमा सम्बोधन गर्न संवैधानिक आयोगको व्यवस्था ।

२. जनआन्दोलनका घटनाको निष्पक्ष छानबिन

- गैरन्यायिक हत्या, हिंसा र मानवअधिकार उल्लङ्घनमा संलग्नहरू पहिचान गरी फौजदारी जवाफदेहिता सिफारिस गर्ने ।

- आन्दोलनका नाममा गरिएको योजनाबद्ध अपराध र आन्दोलनकै गतिविधिबीच स्पष्ट भेद छुट्याई अनुसन्धान गर्ने ।

- आन्दोलनकारीलाई अभियोजन गरिएको भए १५ दिनभित्र स्क्रिनिङ गरी निर्दोष ठहरिएकालाई थुनामुक्त र मुद्दा फिर्ता ।

- भविष्यमा हिंसा दोहोरिन नदिन सुरक्षा निकायमा सुधारका उपायसहित छुट्टै संयन्त्र गठन ।

३. राजनीतिक तथा नीतिगत भ्रष्टाचार नियन्त्रण

- दलीयकरण, भागबण्डा, अकुत सम्पत्ति, सार्वजनिक पदको दुरूपयोग लगायतका विषयमा छानबिन गर्न उच्चस्तरीय आयोग ।

- सार्वजनिक संस्थाको दलीयकरण अन्त्य, गलतरीकाले सञ्चालन भएका फाउन्डेशन/कोष/ट्रष्ट खारेज गरी सम्पत्ति राष्ट्रियकरण ।

- प्रशासनिक संरचनामा सुधार सिफारिस गर्ने छुट्टै संयन्त्र ।

४. स्वतन्त्र तथा भयरहित निर्वाचन सुधार

- विदेशमा रहेका नेपालीलाई समेत मताधिकार सुनिश्चित गर्ने ।

- उम्मेदवारले सम्पत्ति विवरण अनिवार्य बुझाउने व्यवस्था ।

- दल र उम्मेदवारको खर्च पारदर्शी बनाउने कानुनी सुधार ।

- मतपत्रमा "माथिका कसैलाई मतदान गर्दिनँ" विकल्प थपिने ।

- दलभित्र अनिवार्य प्राथमिक निर्वाचन (प्राइमरी) ।

- पार्टी अध्यक्ष/सभापति अधिकतम २ कार्यकालमा सीमित ।

५. संविधान पुनरावलोकन तथा सुधार आयोग गठन

- तीन महिनाभित्र सार्वजनिक परामर्शसहित संविधानको पुनरावलोकन ।

-समानुपातिक प्रतिनिधित्व, भ्रष्टाचार नियन्त्रण, न्यायिक स्वतन्त्रता, संरचनागत सुधार, पदावधि सीमा, उम्मेदवारको न्यूनतम उमेर (२१ वर्ष) लगायत विषयमा विस्तृत सिफारिस गर्ने ।

६. पूर्ण समानुपातिक समावेशिता

-सबै संयन्त्रमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, किसान-श्रमिक, पिछडिएका क्षेत्र तथा विपन्न खस आर्यको प्रतिनिधित्व सुनिश्चित ।

७. पारदर्शिता तथा जवाफदेहिता

-सरकारी निर्णय, खर्च तथा प्रक्रिया सार्वजनिक गर्ने व्यवस्था सुदृढ ।

- विगतका छानबिन आयोगका प्रतिवेदनहरू कानूनअनुसार सार्वजनिक ।

-सार्वजनिक पदमा नियुक्तिमा पारदर्शी र प्रतिस्पर्धी प्रणाली लागू ।

८. अभिव्यक्ति तथा डिजिटल स्वतन्त्रता

- डिजिटल प्लाटफर्ममा अभिव्यक्ति तथा डेटाको सुरक्षा सुनिश्चित गर्ने कानुनी तथा प्राविधिक सुधार ।

९. जेन-जी परिषद् गठन

- जनआन्दोलनका उद्देश्य पूरा गर्न तथा सरकारका संयन्त्रहरूमा युवाको प्रतिनिधित्व सुनिश्चित गर्न "जेन-जी परिषद" गठन ।

१०. सम्झौता कार्यान्वयन

- हस्ताक्षर भएको मितिदेखि सम्झौता लागू ।

- कार्यान्वयन नेपाल सरकार र जेन-जी समूहको आपसी सहमतिमा ।

मानवअधिकारको सम्मान गरौं ।

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार